# संघीय संसद

# राष्ट्रिय सभा

# सत्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ६ चैत्र २०८१

# बुधबार

# बैठक सङ्ख्या- १४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१९ बजे प्रारम्भ भयो।

(१३:१९ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य इन्दिरा देवी गौतम।

(१३:१९ बजे) माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, हामीले उपभोग गर्ने कतिपय औषधिहरू र खाद्यान्नहरू गुणस्तरहीन बिक्री वितरण भइरहेका समाचारहरू बारम्बार आइरहन्छन्। सम्बन्धित निकायले गुणस्तरहीन औषधि उत्पादन गर्ने केही उद्योग लगायत अन्य विभिन्न गुणस्तरहिन खाद्यान्न र औषधि बिक्री वितरण गर्ने क्षेत्रमा अनुगमन गरी कारबाही समेत गरिएका समाचार पनि सुन्ने गरिन्छ। तर पनि यस्ता गुणस्तरहिन वस्तुहरूको उत्पादन र बिक्री वितरण गर्ने कार्य नरोकिने स्थिति बारम्बार किन आउँछ? सम्बन्धित निकाय कहाँ र किन चुकिरहेको छ? नेपाली जनताले बाँच्न पाउने अधिकारका लागि गुणस्तरीय वस्तुहरूको ढुक्कसँग उपभोग गर्न पाउने कुराको ग्यारेन्टी गर्नुपर्दछ। यसतर्फ सम्बन्धित निकायले सशक्त सक्रियता बढाओस् भन्न चाहन्छु। हस् त धन्यवाद।

(१३:२० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गंगा कुमारी वेलवासे।

(१३:२० बजे) **माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, शिक्षकहरू आन्दोलनमा हुनुहुन्छ। शिक्षकहरूको एउटा सहमति प्रधानमन्त्रीसँग यस अगाडि नै भै सकेको थियो र ती सहमतिका कामहरूलाई अगाडि बढाउन र शिक्षक आन्दोलनलाई गाउँ फर्काउन र आफ्नो शिक्षण पेशामा सहभागी हुनको लागि सरकारले पहल गरोस् भन्ने कुराहरू राख्न चाहन्छु। त्यस्तै गरेर नवनिर्वाचित स्ववियुका सभापति लगायत सबै पदाधिकारी र सदस्यहरूलाई हार्दिक बधाई व्यक्त गर्दछु। आगामी कामको लागि शुभकामना व्यक्त गर्दै शैक्षिक क्षेत्र सुधारको लागि विद्यार्थी हकहितको आन्दोलनलाई मर्यादित ढंगले अगाडि बढाउनको लागि शुभकामना व्यक्त गर्दछु।त्यसैगरेर SEE भोलिदेखि सुरु हुने SEE मा विद्यार्थीहरूले राम्रो अङ्क ल्याएर उत्तीर्ण हुनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। ह्वस् त धन्यवाद।

(१३:२१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोपीबहादुर सार्की अछामी।

(१३:२१ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- अध्यक्ष महोदय, सर्वप्रथम त देशैभरिका आङ्गिक र सम्बन्धन प्राप्त कलेजहरूमा भएको स्ववियु निर्वाचनमा विजयी हुनुहुने सबै पदाधिकारी साथीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु र बाँकी रहेका कलेजहरूको पनि पुनः फेरि निर्वाचन सुचारु अगाडि बढोस् भन्ने पनि माग गर्न चाहन्छु। त्यसैगरी नेपाल सरकारको स्वामित्वमा भएका उदयपुर सिमेन्ट र हेटौडा सिमेन्ट कारखाना अहिले बन्द हुने स्थितिमा छ र विशेष गरी चाहिँ उदयपुर सिमेन्ट कारखानाको चाहिँ ५ अर्ब दायित्व सरकारले भुक्तान गर्न सकिराखेको छैन। कच्चा पदार्थ खरिद गर्नको निम्ति बजेट छैन। कर्मचारीले तलब पाइराखेका छैन। जिएम पनि नियुक्ति भएको छैन। ३०० भन्दा बेसी मजदुरहरू त्यहाँ कर्मचारीहरू चाहिँ छनन् ती कर्मचारीहरूले चाहिँ तलब नपाउने स्थिति र कारखाना बन्द हुने जुन स्थिति छ यसको समस्याको समाधान गरी कारखाना सुचारु गरियोस भन्ने माग गर्दछु। धन्यवाद।

(१३:२२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य जग प्रसाद शर्मा।

(१३:२२ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्षज्यू, दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १ निवासी ४ छोरीकी आमा लीला श्रेष्ठ दुबई रोजगारीको सिलसिलामा दुबई गएको अहिले झन्डै तीन वर्ष हुन थाल्यो। विगत एक वर्ष अर्थात् गएको वैशाख ४ गतेदेखि उहाँ बेपत्ता हुनुहुन्छ। उहाँ सम्पर्कमा घरपरिवार अथवा इष्टमित्र कसैको सम्पर्कमा हुनुहुन्न। परिवारले खोजी कार्य जारी गरेको एक वर्ष भयो। दुबई स्थित राजदूतावाससँग र यहाँको परराष्ट्र मन्त्रालय सँग कोअर्डिनेसन गरेर खोजी कार्य जे ढंगले अगाडि बढ्यो सरकारले परराष्ट्र मन्त्रालयले त्यो ढंगको तदारुकता देखाएको छैन र उहाँको अहिलेसम्म कुनै खोज अहिलेसम्म कुनै पत्ता लागेको छैन। दुबई निवासी चन्द्रप्रसाद सापकोटा जो एनआरएन हुनुहुन्छ। उहाँलाई अख्तियारनामा दिएर खोज्ने एउटा अख्तियारनामा दिएको त्यो पनि ……………(समय सकिएको।)

(१३:२३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य तारामान स्वाँर।

(१३:२३ बजे) **माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, सरकारले सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको पनि एक वर्षभन्दा बढी भइसकेको छ। त्यस सम्बन्धी विधेयक राष्ट्रिय सभाले पारित गरेर प्रतिनिधिसभामा पठाएको र प्रतिनिधि सभाको शिक्षा समितिमा विचाराधीन रहेको पनि महिनौ बितिसकेको छ। तर यस सम्बन्धी कामहरू जुन तीव्रताका साथ हुनुपर्ने हो त्यो हुन सकेको छैन। यसमा ढिलासुस्ती हुनुको कारण के हो? पूर्ववर्ती सरकारले यस सम्बन्धमा निर्णय गरेकोले के सरकार यसमा गम्भीर नभएको हो? जान्न चाहन्छु र विधेयकप्रति प्रतिनिधिसभाको शिक्षा समिति सम्बन्धित मन्त्री सहित सरकार गम्भीर भई कामहरू अगाडि बढाउन ध्यानाकर्षण गर्न चाहन्छु।

(१३:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:२४ बजे) **मानननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हवाई सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको प्रोटोकल र अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा निर्धारित मापदण्ड अनुरुप नेपाल सरकारले हवाई यातायातको क्षेत्रमा व्यवस्थित गर्न हवाई नीति पारित गर्दै नेपाल हवाई सेवा प्राधिकरण र नेपाल नागरिक उड्डयन क्षेत्रमा अलग गरी दुईवटा विधेयक राष्ट्रिय सभामा दर्ता गरेको थियो। सो विधेयकलाई राष्ट्रिय सभाले ०७८ साल साउन १८ गते पारित गरी प्रतिनिधिसभामा पठाएको र प्रतिनिधि सभाको अघिल्लो कार्यकाल समाप्त हुँदा शून्यमा गएर अहिले फेरि प्रतिनिधिसभामा दर्ता भएको छ भन्ने सुन्दा खुशी लागेको छ। विश्वमा हवाई यातायातलाई सुरक्षित र भरपर्दो मानिन्छ। नेपालमा भने बेलाबेलामा दुर्घटनाका घटनाहरू घटिरहेका छन्। अहिलेसम्म ७१ वटा दुर्घटना भएका र ९५० जनाले जीवन गुमाएको भन्ने तथ्याङ्क छ। यसै क्रममा २०८१ साल साउन ९ गते सौर्य एयरलाइन्सको जहाज काठमाडौंको एयरपोर्ट नजिक १८ जना गुम्ने गरी दुर्घटना भयो। र मर्मतको लागि भनेर लगिरहेको विमानमा धेरै जना किन चढाइयो, अनाधिकृत व्यक्तिहरू किन चढे? र ८ महिना बितिसक्दा पनि छानबिन प्रतिवेदन सार्वजनिक हुन सकेको छैन।

(१३:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भगवती न्यौपाने।

(१३:२५ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, तनहुँका केही पर्यटकीय स्थलहरू जो विश्वका धेरै देशहरूमा परिचित छन् र कतिपय नेपालभर परिचित छन्। त्यो ठाउँहरूको सम्बर्धन र विकासको लागि म सरकारसँग अनुरोध गर्न चाहन्छु। जस्तै भानु जन्मस्थल, चुँदीरम्घा, भानु साथमा अवस्थित थानीमाई जहाँ बर्सेनी लाखौं पर्यटकहरू आउने गर्दछन्। मिर्लुङकोट, तनहुँसुर, बन्दीपुर, व्यासको तपोभूमि, दमौली, छाब्दीबाराही, देवघाटमा बन्दै गरेको ३६५ कोठाको माता तीर्थ सेवा आश्रम जहाँ राज्यले पनि लगानी गर्न आवश्यक छ। आँबु छिम्केश्वरी र आदिबुन यी ठाउँहरूमा आवश्यक पूर्वाधार निर्माणको निम्ति धेरै निर्माण गर्नका निम्ति आवश्यक छ। यसो गर्न सक्दा धेरै पर्यटकहरू आउँछन्। सरकारको ध्यान जाओस्। धन्यवाद।

(१३:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:२६ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, स्ववियु निर्वाचन सकिएको छ। देशमा उल्टो हावा चलिराखेको

स्थितिमा स्ववियु निर्वाचनले सकारात्मक सन्देश दिएको छ। निर्वाचित सबैलाई हार्दिक हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। र उत्तर उत्तर प्रगतिको कामना गर्न चाहन्छु। यो ना.सा.ख. .........(...नसुनिएको।)

(१३:२८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव।

(१३:२८ बजे) **<u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी नेपाल)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, डाक्टर संगीता कौशल मिश्रासँग भएको विभेदबारे सदनमा कति आवाज उठ्दा पनि सरकारबाट कुनै जवाफ आएन आएन। झन् डाक्टर प्रमोद यादव र राम प्रभु चौधरी प्रति पनि विभेद गर्‍यो।यो विभेदको अन्त्य कहिले होला सरकार जवाफ देउ। धन्यवाद।

(१३:२८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य शारदा देवी भट्ट।

(१३:२८ बजे) **<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, विगत केही दिनदेखि प्रतिपक्षी धारबाट बोल्ने क्रममा माननीयज्यूहरूले कुलमान घिसिङ बारे बोलिरहनुभएको छ। यसबारे प्रतिनिधिसभामा त मन्त्रीज्यूले जवाफ दियो हामीले सुन्यौं। राष्ट्रिय सभामा पनि जवाफ दिनुहुनेछ भन्ने मलाई विश्वास छ। एकजना कर्मचारीको कारणले नै चमत्कार भयो भन्दै गर्दा मुलुकमा लोडसेटिङ्ग मुक्त गराउन कुन सरकारले के पहल गर्‍यो भन्ने कुरा सँगै आउनुपर्थ्यो कि पर्दैनथ्यो? मलाई लाग्छ पर्ने थियो। केपी शर्मा ओली प्रधानमन्त्री हुँदा नाकाबन्दीको सामना गरेपछि भारत जानुभयो र भारतीय प्रधानमन्त्रीसँग सम्झौता गरी तत्काल ८० मेगाबाट २०७३ असोज देखि ३०० र २०७४ मंसिरदेखि ६०० मेगाबाट विद्युत नेपालमा उपलब्ध गराएको तथ्य होइन र? त्यसैले यो विषयसँग पनि यो विषय पनि सँगै राखु कन्फ्युस्याइ नगरौं धन्यवाद।

(१३:२९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य सुमित्रा बि.सी.।

(१३:२९ बजे) **<u>माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- माननीय अध्यक्ष महोदय, देशभरिका धादिङ लगायतका विभिन्न ठाउँहरूमा आगजनी भइरहेको छ। यो आगजनी नियन्त्रण गर्नका निम्ति सरोकारवालालाई सचेत रहँदै वन डिभिजन कार्यालयलाई यसको

नियन्त्रणमा लागिपरि गर्न म अनुरोध गर्न चाहन्छु। र यस्तै गरेर चैत्र ७ गतेदेखि सुरु हुन गइरहेको एसइइको परीक्षामा सामेल ५ लाख ८ हजार ३९० विद्यार्थीहरूलाई अग्रिम शुभकामना दिन चाहन्छु। देशभरि स्ववियुको निर्वाचन सम्पन्न भएको छ निर्वाचित पदाधिकारी लगायत सदस्यज्यूहरूलाई म हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना दिन चाहन्छु। यसै गरेर यो ४ गते २५ करोड १ लाख ६० हजार ३३८ बोकेको ट्रक नेपाल प्रहरीले समाएको छ। यसको लागि प्रहरीलाई धन्यवाद र यस्ता तस्करहरूलाई .......(समय सकिएको।)

(१३:३० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।माननीय सदस्यहरू, "विशेष समय" मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु।सर्वप्रथम माननीय सदस्य आनन्द प्रसाद ढुङ्गाना समय २४ मिनेट। त्यसपछि माननीय सदस्य गोपी बहादुर सार्की अछामी।

(१३:३१ बजे) **माननीय श्री आनन्द प्रसाद ढुँगाना (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिले त म आफ्ना कुरा राख्नुभन्दा पहिले यो देशमा हामीले सिराहामा भएका घटना करणी सम्बन्धी घटनाका बारेमा हामी कुरा उठाइरहेका थियौं। यही बीचमा हाल महोत्तरीको भंगहा, महोत्तरीको लोहारपट्टि र बाँकेको खजुरामा पनि यस्तै घटना हुन गएको छ यो घटनाहरूको बारेमा सरकारले आफ्नो प्रष्ट धारणा राख्नुपर्‍यो र यस्ता गर्नेहरूलाई बढी से बढी सजाय दिएर यसलाई निरुत्साहित गर्नुपर्छ भन्ने कुरा म अध्यक्ष महोदय मार्फत म पहिले यो राख्न चाहन्छु। त्यसपछि अब अहिले देशको परिस्थितिका बारेमा धेरै चर्चा परिचर्चाहरू भइरहेका छौं। हामी पनि यो देशमा लामो समयसम्म संघर्ष गरेर नेपालको राजनीतिमा एउटा परिवर्तनको ठाउँमा उभिएका छौं। यो परिवर्तन गराउनका लागि, यो परिवर्तन गर्नका लागि हजारौं हजार सहिदहरूले सहादत दिएपछि हामीले संघीय लोकतान्त्रिक गणतन्त्र संविधान पाएका छौ। यो संविधानको विषयमा जुन किसिमबाट बाहिर कुराहरू उठिरहेका छन्। त्यसलाई कहिँ न कहिँ हामीले पनि व्यवस्थापन मिलाउनुपर्छ भन्ने कुरा मलाई लाग्छ। म सबभन्दा पहिले के भन्न चाहन्छु भने यो देशमा हिजोको दिनहरू कस्तो थिए? हिजो २००७ साल भन्दा पहिले नेपाली जनता कुन परिस्थितिमा थिए? त्यो बेलामा नेपाली जनताको गाउँघरमा स्कूल खोल्न पाइँदैन थियो। स्कूल खोल्नका लागि पनि स्वीकृति लिनुपर्थ्यो। त्यति मात्र होइन अध्यक्ष महोदय, नेपालमा नेपालको एक ठाउँ देखि अर्को ठाउँ जानका लागि पनि जसरी दुबई र कतार जानको लागि भिसा लिनुपर्थ्यो त्यस्तै तराईका मान्छेलाई काठमाडौं आउनका लागि भीमफेदीमा र काठमाडौंका मान्छेलाई तराईमा जानका लागि यहाँ स्वीकृति लैजान्थे। यसले के देखिन्छ भने नेपालीहरू पनि एक ठाउँमा अर्थात् एक ठाउँबाट अर्को ठाउँमा जाने परिस्थिति थिएन। त्यो परिस्थितिबाट हामी

यो देशमा गुज्रिराखेका थियौं। त्यति मात्र होइन नागरिकहरू पनि दुई नम्बरका नागरिक, एक नम्बरका नागरिक भनेको त त्यो थियो जो यो देशमा शासन गर्ने थियो। र ती जसले शासकको रुपमा शासन चलाउथ्यो। म त भन्ने गर्छु। हामी पहिले रैती थियौं। विर्तावालका रैती, जिम्वावालका रैती, राजाका प्रजाका रुपमा हामी रहने गरेका छौं नेपालमा। नेपालमा तपाईंको कुनै पनि देशमा कही पनि राजनीतिशास्त्र के भन्छ भने जो नागरिक हुन्छ त्यसलाई शासन व्यवस्थामा अधिकार हुन्छ। हामी नागरिक पनि थिएनौं। हामी रैती थियौं र हामी प्रजा थियौं। हामीले रैती र प्रजाबाट नागरिक बन्ने कोसिस गर्‍यौं। त्यसैका लागि सात सालको लडाई सुरु भयो। २००७ सालको आन्दोलन सुरु भयो। त्यो त्यो परिवर्तनका लागि नै २००७ सालमा सशस्त्र क्रान्ति भएको हो। साँच्ची भन्नुहुन्छ भने त्यो सशस्त्र क्रान्ति गर्नका लागि पनि सहादत नपाएका होइनन् हाम्रा देशमा सहिदहरू को बलिदान र सात सालको क्रान्ति जो नेपाली कांग्रेसको नेतृत्वमा नेपाली जनताले बैरगनिया अधिवेशनबाट निर्णय गरेर जब बीरगञ्ज हामीले क्याप्चर गर्‍यौं र थिरबम मल्लले सहादत प्राप्त गरेपछि अनि खेरि यो देशमा प्रजातन्त्रको उदय भयो। तर प्रजातन्त्र को उदय त भयो।तर साँच्चै नै प्रजातन्त्रको उपयोग हामीले गर्न पायौं? के राजा उपस्थित भएका थिएनन्? राजालाई हटाइदिएको थिएन? राजा हटेका थिएनन्? राजतन्त्रलाई समाप्त गरेर सानो एउटा बच्चालाई राजा बनाइएको थिएन। कसले स्थापित गर्‍यो, कसले ल्याएर गद्धिमा आएर बसायो? त्यसका लागि कति जना सहिद भए? त्यसका लागि कति जनालाई संघर्ष गर्नु पर्‍यो? यो कुरा अहिले राजाले विर्सिएका छन्। म भन्न चाहन्छु हो मेरो पार्टी संवैधानिक राजतन्त्रको पक्षधर नै थियो। यसमा हामीलाई कुनै द्विविधा छैन। जब राजा जनतासँग बस्न तयार भएनन्, जब राजा जनतालाई लिएर हिड्न तयार भएनन्। जब राजा शासन गर्ने कोसिश गरे अनि हामीले राजाको विरुद्धमा अभियान सुरु गरेकै हो। किनभने हामीले राजालाई पदच्युत भएका राजालाई  फर्काउँदै गर्दा राजाले शासन गर्न पाउँछु भनेर हामीले निर्णय गरेका थिएनौं। राजाले के वाचा गरेका थिए अस्ति एक जना मित्रले पनि उठाउनुभो कुरा २००७ साल फागुन ७ गतेको दिन यो देशको शासन व्यवस्था नेपाली जनताले चुनेको प्रतिनिधिहरूबाट बनेको विधानबाट चल्छ भनेर भनेका थिए। के त्यसपछि राजा प्रतिबद्ध भए, त्यो बाचालाई राजा त्रिभुवनले पूरा गरे? गरेनन् । के गरे भने षडयन्त्र गर्न सुरु गरे र २००७ सालको परिवर्तनलाई कहिँ न कहिँ षडयन्त्रबाट २००७ सालको परिवर्तनले पाएको संविधानसभाको निर्वाचनलाई तोड्ने प्रयास गर्‍यो। जसले गर्दाखेरि यो देशमा अन्तरिम सरकार जो बनेको थियो त्यो अन्तरिम सरकारले राजीनामा गर्नुपर्‍यो र त्यसपछि हो नेपाली कांग्रेसकै नेतृत्व सरकार बनेको हो। नेपाली कांग्रेसले के निर्णय गर्‍यो? मातृका प्रसाद कोइरालालाई प्रधानमन्त्री बनाउँदै गर्दा तपाई गएर संविधानसभाको निर्वाचन गराउनुस्। संविधानसभाको निर्वाचन मातृका प्रसाद कोइरालाले नगराउन सकेपछि पार्टी साधारण सभा समेतबाट मातृका प्रसाद कोइरालालाई पार्टीले निकालदियो। अनि मात्रृका प्रसाद कोइरालाले भन्नु भयो तपाईंहरूले मलाई केन्द्रिय समितिबाट निकाल्न पाउनु हुन्न भनेपछि जनकपुरको २००९ सालको अधिवेशनले उहाँलाई साधारण सदस्यबाट निकालदियो। भनेको अर्थ केहो भनेदेखि नेपाली कांग्रेस या नेपाली जनता यो देशमा प्रजातन्त्र लोकतन्त्रका

लागि लडिराखे र दरबार जहिले पनि प्रजातन्त्र लोकतन्त्रको विपक्षमा आफ्नो भूमिका यो देशमा चलाइराखे। जसले गर्दाखेरि आज हामी गणतन्त्रसँग पुग्ने हाम्रो परिस्थिति बन्यो। राजा जनतासँग बस्न तयार भएनन्। संसारमा धेरै राजाहरू छन्। धेरै राजाहरू जो जनतासँग बसेका छन् ती राजाहरू अहिले पनि छँदैछन्। जुन राजाहरू जनतासँग बस्न तयार भएनन् ती राजाहरू समाप्त भएका छन्। त्यसैले अहिले राजाले परिकल्पना गर्नु म फेरि फर्केर आउँछु। हो फर्केर आउने हो भने हामीले भनिरहेका छौं। यो लोकतन्त्र हो। लोकतन्त्रमा सबैलाई अधिकार छ। आफ्नो आफ्नो कुरा राखे। हिजो लोकतन्त्र नभएको बेलामा हामीले के भोग्नु परेको थियो। आज त्यो यदि हो भने राजाले गर्नुपर्‍यो। नभए तपाईंको चाहिँ नि यो नवराज सुवेदीको अध्यक्षतामा गठन गरेर यो देशमा राजतन्त्र फर्काउँछु भनेर भन्छ भने यो दिवा स्वप्न हो, यो दिवा स्वप्न हो। जुन नवराज सुवेदीले आफ्नै किताबमा लेखेका छन् मेगा फ्याक्ट्री नेपालमा आउन खोज्दै गर्दा यही अहिलेका पूर्व राजा ज्ञानेन्द्रले मलाई आधा दिनुपर्छ शेयर भनेका कारणबाट मेगा फ्याक्ट्री आउन सकेन। आज कति ठाउँमा उहाँको शेयर छ। सिप्रदीमा कसको शेयर हो? सूर्य टोवाको कम्पनीमा कसको शेयर हो? सोल्टीमा कसको सेयर हो? अन्नपूर्णमा कसको सेयर हो? अनि तपाईं व्यापार पनि गर्ने अनि तपाईं चाहिँ नि राज्यमा बस्छु पनि भन्न पाउने। यो सम्भव छैन। यो कुरा तपाईंले बुझ्न सक्नुपर्छ। त्यसैले म यहाँ आज के भन्न चाहन्छु भने यो देशमा जहिले जहिले नेपाली जनताले संघर्ष गरे। जहिले जहिले नेपाली जनताले प्रजातन्त्र, लोकतन्त्रका लागि संघर्ष गरे तब तब नेपाली जनतालाई दबाउनका लागि राजाले चाहिँ नि आफ्नो षडयन्त्र सुरु गरे। किन तपाईंको चाहिँ १५ सालको निर्वाचन राजाले स्वीकार गरेको हो र, राजाले मानेको थियो? जब जनताले उभिएर हैन अब तपाईंले चाहि चुनाव गराउनु पर्छ भन्दाखेरी संविधान सभाको त्रिभुवनको समाप्ती पछि त संविधानसभाको निर्वाचन होइन संविधान हामीबाट दिईबक्सने छौं। र त्यो संविधानमा संसदीय व्यवस्था चुनाव हुन्छ र त्योमा तपाईंहरू सबै आउनुपर्छ। कसले स्वीकार गर्‍यो। बि.पि. अदालत सम्म पुग्नु भएन?, संविधानसभाको निर्वाचन हुनुपर्छ भनेर। पुग्नुभयो तर धेरै पार्टीहरूले जब हैन हामी संसदकै जान्छौ भनेपछि कांग्रेस बाध्य भएर वीरगञ्ज अधिवेशनबाट चाहिँ यही संसदीय व्यवस्थाबाट फड्को मार्नुपर्छ भनेर निर्णय गरेर अनि चुनावमा गयो। चुनावमा जाने निर्णय गरिसकेपछि राजा चुनाव गर्ने मनस्थितिमा थिएनन्। राजाले चुनाव चाहेका थिएनन्। त्यसका लागि पनि भद्र अवज्ञा आन्दोलन देशमा गर्नुपर्‍यो। अनि मात्रै २०१५ साल फागुन ७ गते चुनाव सुरु भयो। यस्ले केही देखिन्छ भने यो देशमा नेपाली जनताको अधिकारलाई सुरक्षित गर्नका लागि कहिले पनि दलाल र राजाहरू प्रतिबद्ध रहेनन्। वाचा गर्ने तर बाचाको विरुद्धमा उभिने। त्यसैले यो कुरालाई चाहिँ नि गर अहिलेका हामीहरूले मनन गर्नुपर्ने परिस्थिति आएको छ। नेपाली जनता जसले राजा फर्काउने कुरा गर्छ तिनले पनि सोंच्नुपर्छ। के फेरि यो देशमा ........ लगाउने, तेज बहादुर अमात्यलाई रक्सौलमा मारेझैं मार्न लगाउने? सुखानीमा जेल ट्रान्सफर गरेको नाउँमा मार्न लगाउने। तपाईंको यज्ञ बहादुर थापा, भिम नारायण श्रेष्ठ, कमलालाई चक्रघट्टिमा मारे जस्तै मार्न लगाउने? दुर्गा नन्द झालाई फाँसी दिन दिएको जस्तो फाँसी लगाउने। फेरि त्यही परिस्थितिको पुनरावलोकन गर्न

खोजिएको हो। यदि त्यो हो भने हामी कुनै हालतमा त्यस्ता कुराहरूलाई स्वीकार गर्दैनौं र त्यस्ता कुरालाई केही हामी चाहिँ प्रश्रय दिदैनौ। प्रश्रय हामीलाई दिनु छैन। त्यसैले म के भन्न चाहन्छु भने राजाले कहिले टंक प्रसादलाई प्रधानमन्त्री बनाउने, कहिले डा. के. आई.सिंहलाई प्रधानमन्त्री बनाउने। किन यी सबै खेल के हो भने प्रजातन्त्रको पक्षमा त उभिनै पर्छ किन बाचा त मैले गरिसक्या छु। त्यो बाचालाई कसरी तोड्ने। भनेपछि त्यस्ता प्रपञ्चहरू रचेर यो देशमा चाहिँ कहिले पनि स्थिर देशलाई हुन दिएन। नेपाली जनतालाई कहिले पनि तपाईंको ढुक्क भएर आफ्नो देशमा व्यवसाय गर्ने, ढुक्क भएर यो देशमा मेरो देश हो भनेर चाहिँ बस्न पाउने परिस्थिति सिर्जना हुन दिएन। जसले गर्दाखेरि आज हामी यो अवस्थामा पुगका छौं। यत्रो ठुलो संघर्ष गरेर आज फेरि प्रजातन्त्र आएको संघीय लोकतान्त्रीक गणतन्त्र ल्याएका छौं। त्यसै आएका हो? यसमा गोली खाएका छैन साथीहरूले, यसमा संघर्ष गरेका छैन नेपाली जनताले? नेपाली जनताको सङ्घर्ष र बलिदान कहिले पनि खेर जाँदैन। संसारमा कहीं पनि कुनै पनि तानाशाह जनतासँग बलियो भएर बाँच्न सक्दैन। मैले बुझेको त्यही हो। त्यही बुझाइको कारणबाट, त्यही प्रतिवद्धताको कारणबाट, त्यही विचारका आधारमा हामी लामो समयसम्म संघर्ष गऱ्यौं र जेलमा पनि बस्यौं। जेलमा बस्दा पनि हामीलाई हामी उदास थिएनौं। जेलमा बस्दाखेरि पनि हाम्रो मनोवल गरेको थिएन। यो देशमा त कांग्रेस भन्ने मान्छे या त हिन्दुस्तानमा बस्नु पर्थ्यो कांग्रेस भन्ने मान्छे या त जेलमा बस्नु पर्थ्यो। अराष्ट्रिय तत्व भनिन्थ्यो हामीलाई। हामी जनकपुर कलेजमा प्रजातन्त्रको कुरा गर्दै गर्दा हामीलाई भन्थे ए अराष्ट्रिय तत्व हो त। भनेर भन्थे। तर हामी अराष्ट्रिय बन्नको लागि पनि तयार भयौं किन भने नेपाली जनताको लागि, प्रजातन्त्रको लागि, राष्ट्रियताको लागि आज संसारमा धेरै राष्ट्रहरू बिलिन भएका छन्। जनताले राष्ट्रियताको कुरा गरेको छन्। जनताले प्रजातन्त्रको कुरा गरेको छैन। हामी जहिले पनि राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई आफ्नो विचारलाई चाहिँ अगाडि सारेर अगाडि बढेका हौं। त्यसैले म के भन्न चाहन्छु भने यो परिस्थितिमा आज जति पनि गणतन्त्रवादी शक्तिहरू छौं त्यसले एक अर्कालाई खुइल्याएर हैन मैले फलानोलाई गाली गरे त्यसैले म ठुलो मान्छे होइन या कोही ठुलो सानो छैन। यो संविधान लेख्ने बेलामा परिस्थिति खराब थिएन। यो संविधान लेख्नेमा मलाई याद छ। यो संविधान पनि लेखन्नेवेलामा परिस्थिति बन्न सकेको थिएन। जिउँदै हुनुहुन्छ बर्षमान पुनज्यू, शक्ति बस्नेतज्यू उहाँलाई सोध्नुस्। हामीले कति दिन कहाँ कति कति मिटिङ गरे होला। कति पटक प्रचण्ड र बाबुरामजीलाई भेट्यौं होला। कति पल्ट उहाँहरूलाई चाहि प्रधानमन्त्रीसँग भेटायौं होला। आठ प्रदेशमा कोही पनि जान तयार थिएन। राय संकलन गर्नका लागि तर हामीले प्रधानमन्त्रीलाई कन्भिन्स गऱ्यौं, प्रचण्डजीलाई कन्भिन्स गऱ्यौं, अनि आठ प्रदेशमा हामी गऱ्यौं आठप्रदेशमा चाहिँ हामीले राय संकलन गरेर अनि हामीले ७ प्रदेश हामीले घोषणा गऱ्यौं। त्यसैले मेरो भनाइ के भने यो संविधान ल्याउनका लागि पनि लामो संघर्ष गऱ्यौं आज आएर अब प्रतिपक्षको नेताले भन्दिनु हुन्छ। यो आठ महिनामा मात्रै तपाईंको चाहिँ नि अहिले कानुनबाट अहिले राजाका मान्छे सलबलाएको यो आठ महिना कहाँ गयो होइन यो आठ महिनामा मात्रै तपाईंको चाहिँ नि अहिले कानुन बाट चाहिँ नि अहिले राजाका मान्छे सलबलाएको होइन यो

आठ महिना कारणबाटमात्र होइन। चुनाव भइसकेपछि को .... धेरै दिन बस्यो? कसले राज्य गर्‍यो? कति पटक हामीले विश्वासको मत यताउता गर्नुपर्‍यो? यो सत्य होइन। यो असत्य हो र? भनेको अर्थ के भनेदेखि हामी सबै लोकतन्त्रप्रति, प्रजातन्त्रप्रति, गणतन्त्रप्रति प्रतिबद्ध रहेनौं। मलाई अहिले पनि याद छ। जुन बेलामा तपाईंको संसद भंग भयो। तपाईंको प्रचण्डजी, माधवजी र तपाईंको उपेन्द्रजी हाम्रा सभापतिका कहाँ नारायणथानमा गए भने यो संविधान त जान थाल्यो। अब कांग्रेस मात्र यस्तो पार्टी हो जो राष्ट्रिय हितमा यसको साख छ। तपाईले नेतृत्व गर्दिनु पर्‍यो। हाम्रो सभापतिले के भन्नु भयो। हाम्रो सभापती भन्नु भो कि हामीलाई सरकार जान जनताले mandate दिएको छैन। त्यसैले म जान्न। हाम्रो केन्द्रीय समितिको बैठक थियो, हाम्रो छलफल थियो। छलफलमा हाम्रो वीचमा पनि विभाजन थियो। केही साथीहरू जानुपर्छ भन्थे। केहीले हुँदैन हामीले अहिले जानु हुँदैन भन्थ्यो। त्यो परिस्थिति हाम्रो भित्र थियो। तर यी सबै कुरालाई समेटेर किनभने यो संविधान नै रहेन भने, देशै रहेन भने कहाँ लोकतन्त्रको कुरा गर्ने। बि.पि कोइराला भन्ने गर्नुहुन्थ्यो। जहिले पनि बि.पि कोइराला भन्नु हुन्थ्यो राष्ट्र रहेमा प्रजातन्त्रको कुरा गर्ने हामीले। राष्ट्र रहेन भने कुन प्रजातन्त्रको कुरा गर्ने? आज सिक्किम छ, सिक्किम छैन नि। अब त्यहाँ प्रजातन्त्रको कुरा गरेर हुन्छ त्यहाँको नेताहरूले। त्यस्तै अवस्था सिर्जना हुन्छ। यदि हामीले बुद्धि पुर्‍याएनौ भने, एक अर्कालाई चाहि दोष मात्रै दियौ भने निर्दोष कोही पनि छैन। यो कुरा बुझ्नुपर्छ सबैले। सबैले आफूलाई मम गर्नुपर्‍यो। सबैले आफ्नो ऐनामा चाहिँ आफ्नो अनुहार हेर्नुपर्यो। मैले के गरेको छु आज सम्म हेर्नु पर्‍यो। आज नेपाली कांग्रेस ठुलो पार्टीको रुपमा छ यो सदनमा तर सरकारमा छ? उसको नेतृत्वमा सरकार छ? छैन। किन छैन? यसको पनि कुनै कुरा होला नि त? त्यसको कुरा एउटै हो कि नेपाली कांग्रेस चाहन्छ यो देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र बलियो साथ रहोस्। हामी सरकारमा जानु या हामीले नेतृत्व गर्नु मात्रै ठुलो कुरो होइन। राष्ट्र बाँच्ने हाम्रो लागि ठुलो कुरो हो। हिजो संविधानसभाको निर्वाचन दुईदुई पल्ट भयो। के अन्तरिम संविधानमा दुई पटक निर्वाचन हुन्छ भनेर लेखेको थियो? थिएन लेखेको। तर किन गर्‍यो त? किन दुई वर्षको लागि बनेको संविधानसभा चार वर्षको रह्यो। किन बनेन यो संविधान, कसले बनाएन, को दोषी छ आफ्नो हामी चाहि छलफल गरौं न। गर्नुपर्छ नि त।हरेक कुराको छलफल हामीले गरौं, अनि बाटो दिशा निकालौं। अनि मात्रै निकलिन्छ। म चाहिं ठिक, त चाहिँ खराब भन्ने हो भने बाटो निस्किदैन। त्यसैले म प्रष्ट रूपमा भन्न चाहन्छु कि हामीले बुझ्नुपर्‍यो यो सबै कुरालाई। हामीले बुझ्न सकेनौं। खाली सिर्फ कसैलाई गाली गर्ने वित्तिकै मैले त गरेको छैन, तैले गरेको थिइस्। तैले गरेको थिएन, मैले गरेको थियो भनेदेखि यो कस्तो हुन्छ भनेदेखिन् निश्चित नै तपाईंको त्यो लोकतन्त्र जान्छ, प्रजातन्त्र जान्छ, गणतन्त्र जान्छ अनि " का वर्षा जब कृषि सुखाने, समय चुके पनि का पछुताउने।" अनि हामीले पश्चाताप बाहेक हामीले केही पाउदैनौं। त्यसैले म आज यो रोस्टमबाट यो देशमा लोकतन्त्र र प्रजातन्त्रको लागि संघर्ष गरेका पार्टीहरू गणतन्त्रका लागि संघर्ष गरेका पार्टीहरू एउटा एक ठाउँ उभिने बेला आएको छ। अब यहाँ कसैले भन्छ कि गणतन्त्र मैले ल्याए। गणतन्त्र ल्याउनका लागि नेपाली कांग्रेसले संस्थापक नेता कृष्ण प्रसाद

भट्टराईले महासमितिमा राजीनामा गर्नु भयो। सारा कार्यकर्ताले भने राजीनामा नगर्नुस्। ... मान्नु भएन। तापनि गिरिजा प्रसाद कोइरालाले देख्नु भयो। यो देशमा अब गणतन्त्रको बाटो उहाँले टुँडिखेलमा पनि भन्नु भो राजा तिमी विद्वान छौ, बुद्धिमान छौ। यो देशमा नदीको दुईटा धार छ। एउटा लोकतान्त्रिको धार छ, एउटा गणतन्त्रको धार छ। यदि त्यो एक ठाउँमा मिल्यो भने के हुन्छ। यो कुरा बुझ अहिले पनि सुध्रन सक्छौ तिमी सुध्र। भने सुध्रे राजा सुध्रेन। उसलाई त घमण्ड थियो, अहम थियो। एउटा भनाई छ। अति दर्पे हता ...... जसले अहम गर्छ नि त्यो बाँच्दैन। संसारमा कहिले पनि बाँचेको छैन। अहम गर्ने मान्छे कहिले पनि बाँच्दैन। त्यसैले अहमलाई छोड्नुस् आउनुस्। सँगै बसेर कुरा गरौं, छलफल गरौं, मिलेर हिँड्यौं। जसरी हिजो मिलेर यो संविधान के साँच्ची नै एउटा पार्टीको दस्तावेज हो र? साँच्ची नै बन्दुकले परिवर्तन गरेको गणतन्त्र, बन्दुकबाट आएको हो र? होइन। हो तपाई एउटा issue लिएर बन्दुक उठाउनु भएको होला। तर तपाईंको issue बाट मात्र यो गणतन्त्र आएको हैन। त्यसका लागि नेपाली कांग्रेसले पनि शान्तिपूर्ण आन्दोलन गरिरहेको छ, ७ दलले। त्यसमा मिसिएपछि अनि यो संघीय लोकतान्त्रिक गणतन्त्र आएको हो। यस कुरालाई हामीले मनन गर्नुपर्छ। यसको कुरालाई हामीले बुझ्नु सक्न पर्छ। हामी आफ्ना कुरा बोकेर हिँडेर हुँदैन। संविधान बनाउने बेलामा मलाई थाहा छ, संविधान घोषणा भयो, घोषणा हुनु भन्दा पहिले समावेशी समानुपातिक थिएन। जनसंख्याका आधारमा निर्वाचन क्षेत्र थिएन। जबकी अन्तरिम संविधानमा लेखिएको थियो। हामीले नेताहरूलाई भन्यौं, तपाईंहरू संविधान घोषणा गर्दै हुनुहुन्छ तर अन्तरिम संविधानले दिएको अधिकार पनि खोस्दै हुनुहुन्छ। यो कुनै पनि हालतमा हुन सक्दैन। भनेपछि तीनैजना नेताले उभिएर रोस्टमबाट यो संविधानको पहिलो संशोधन समानुपातिक समावेशी र जनसङ्ख्याको आधारमा हामी परिवर्तन गर्छौं भनेर वाचा गर्नुभयो अनि संविधान पास भयो। संविधान पास त भयो। त संविधान पास भएपछि जब प्रधानमन्त्री मिटिङ बोलाउनु भयो। धेरै साथीहरू चाहि के भन्न थाल्नुभयो भने हैन यो संघीयता गणतन्त्र छोड दिउँ गरेर समानुपातिक समावेशी छोड्दिउँ। आज त्यही समानुपातिक समावेशीको कुरा अठ्याएर हिड्नु भएको छ नि त। अरु कुरा म भन्दै न यहाँ किन्न भने त्यो मिटिङ्गमा म पनि भाग लिएको छु। कसले के बोल्यो त्यो मैले भन्न मिल्दैन। हाम्रा नेताहरू बोलेका कुराहरू हुन्। तर एउटा करा के बुझ्नुस भने सांसद त्यो बेलाको संविधान सभाको सांसद प्रतिबद्ध थिए। त्यसैले गर्दाखेरी जनसंख्याका आधारमा निर्वाचन क्षेत्र बन्यो। त्यसैको आधारमा समानुपातिक समावेशी र सबै जातजाती भाषाभाषीको अधिकारलाई प्रतिस्थापन गर्न हामीहरू सक्यौं। खैर यी सब कुराहरूलाई हामी बुझ्ने कि न बुझ्ने? यी सब कुराहरूलाई हामीले गर्ने कि नगर्ने? पछि आएर जब समानुपातिक समावेशीको बारेमा नेताहरू मान्न तयार भएन म दाबीका साथ भन्छु हामीले आफ्ना प्रधानमन्त्रीलाई भन्यौं तपाईंले यो दर्ता गराउन कि नगराउने? तपाईंले नेपाली जनताको अगाडी रोष्टममा बोल्नु भएको छ। नेपाली काँग्रेस भनेको यो देशको यस्तो पार्टी हो जसले चाहिँ नेपाली जनतालाई वाचा गर्छ भने पूरा गर्छ। तपाईंले रोष्टममा गएर भन्नु भएको छ कि समानुपातिक समावेशी चाहिँ हामी संशोधन राख्छौं भनेर भन्नु भएको छ। सरकारले राख्छु भन्नु भएको छ।

तपाईं राख्ने कि नराख्ने? तपाई मान्ने कि नमान्ने। हामीले भन्यौ हामी राख्छु। पार्टीबाट निकालदिनु तपाईं हामीलाई भनेपछि अनि नरहरि आचार्यलाई बोलाएर समानुपातिक समावेशी, जनसंख्या अनुसार निर्वाचन क्षेत्र सरकारले दर्ता गरायो।तर त्यो पास गर्ने बेलामा हामीले parliament बहिष्कार गर्नु पर्‍यो। हामीले parliament बहिष्कार गरेका छौं। यो समानुपातिक समावेशी, जनसंख्या अनुसार निर्वाचन क्षेत्र पहिला संशोधन गराउनका लागि।त्यसैले यत्रो दुःख गरेर बनाएको संविधान आज हाम्रा कारणबाट, हाम्रा गलत क्रियाकलापबाट, हाम्रा बुद्धिहिनताको कारणबाट तपाईंको यो संविधान गयो भने जनताले अब हामीलाई कहिलै पनि माफी गर्दैन। हामीले हिजो २०६२/०६३ को आन्दोलनमा भाषण गर्दै गर्दा भनेका थियौं हामीले जति गल्ती गर्‍यौं अब गर्दैनौं माफ गर्नुस् अब तपाईंका साथ हामी रहन्छौं भन्यौं। हामी छौं? आज हामी त्यो ठाउँमा हामी उभिएका छौं? छैनौं। त्यसैले हामीले यो सबै कुरालाई मनन गरेर सबै पार्टीका साथीहरू एक ठाउँमा उभिउँ र यो प्रजातन्त्र र लोकतन्त्रलाई बलियो बनाउँ।यो संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउँ र देशलाई चाहिँ अग्रगामी तपाईंको चाहिँ बाटो हिडौं। यदि अग्रगामी बाटोमा हिंड्नका लागि कहि अपठ्यारो छ भने। हामी छलफल गरौं। हामीले के गर्‍यौं भने अग्रगामी बाटोमा जान सक्छौं। जवसम्म नेपाली जनताहरूलाई खानका लागि, बस्नका लागि, तपाईंको लुगा लगाउनको लागि व्यवस्था हुँदैन तब सम्म यो देशमा गरिवी जाँदैन। त्यसका लागि हामी सबै भनि राख्यौं। कृषिलाई priority मा राखौं। कृषिलाई तपाईंको व्यवसायीकरण गरौं। जलस्रोतलाई चाहिँ हामी priority दिउँ, पर्यटनलाई हामी अगाडि सारौं। तर के यो तीनटै कुरालाई के हामी अगाडि सार्न सक्या छौं। Hydro लाई त अलि अलि सहयोग गरेका छौं। पर्यटनमा हामीले काम गर्न सक्या छौ? मलाई लाग्दैन गरिसक्या छौं। म पनि पर्यटन मन्त्री थिए।मलाई थाहा छ सबै कुरा पर्यटनका बारेमा कुरा गर्दैगर्दा। कृषिमा हामीले सय पल्ट भनेका हौं यो सुनकोशी र कमला डाइभर्सन ..... जल डाइभर्सन जब बन्दैन। तब सम्म मधेश जुन मधेशमा तपाईंको चाहिँ अन्नको भंडार छ। त्यो उब्जा हुँदैन। हामीले तीन चार ओटा नदिलाई व्यवस्थापन राम्ररी गर्नेपर्छ। त्यो बबईलाई, त्यो कालीगण्डकीलाई, त्यो कर्णालीलाई, त्यो कमलालाई, त्यो कोशीलाई, त्यो तपाईंको चाहिँ बाग्मतीलाई, त्यो तपाईंको चाहिँ त्रिशुलीलाई यी (समय समाप्त)........

(१३:५५ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य माईक गइसक्यो। माननीय सदस्य गोपीबहादुर सार्की आछामी समय ११ मिनेट। यसपछि माननीय सदस्य गोमादेवी तिमिल्सिना।

(१३:५६ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम त यो स्वविवु निर्वाचनमा निर्वाचित हुनुहुने सबै पदाधिकारी साथीहरूलाई हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। भोलिदेखि SEE परीक्षाको सुरुवात हुँदैछ सबै परीक्षार्थी साथीहरूलाई विद्यार्थी

भाइबहिनीहरूलाई पनि तपाईहरूको परीक्षा राम्रो होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु। यो सबै परिवर्तनकारी आन्दोलनमा आफ्नो जीवन आहुती गर्नुहुने महान सहिदहरूप्रति पनि म हार्दिक सम्मान सहित श्रद्धाञ्जली पनि व्यक्त गर्न चाहन्छु। पूर्ववक्ता माननीयज्यूले जसरी विषय उठाउनुभएको छ त्यसका आधारभूत कुराहरूमा मेरो आफ्नो पनि ऐक्यबद्धता रहेको विषय पनि व्यक्त गर्न चाहन्छु। त्यसैगरी अहिले एउटा विषय बहसको रुपमा उठिराखेको छ। इतिहास दुईचोटि आउँछ एउटा दुखान्तको रुपमा र एउटा प्रहसनको रुपमा। हामीले २४० वर्ष पुरानो एकात्मक सामन्ती निरंकुश राजतन्त्रको अन्त्य गरिसकेका छौं र यो संघीय लोकतान्त्रिक गणतन्त्र हो। यसमा सबैको योगदान आधारभूत रुपमा १० वर्षको जनक्रान्ति अथवा जनयुद्धको जग, १९ दिनको संयुक्त जनआन्दोलनको पिल्लर र संविधानसभाको छानोसहित हामीले यो राजतन्त्रको अन्त्य गरेका हौं र समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने २०७२ को संविधान यो एउटा सहमतिको दस्तावेजको रुपमा जारी गरिएको संविधान हो भन्ने कुरामा कुनै पनि विमति होला जस्तो मलाई लाग्दैन र यसमा हामी सबै परिवर्तनकारी अझ यो राष्ट्रिय सभामा त हामी सबै परिवर्तनकारी आन्दोलनमा कुनै न कुनै रुपमा भाग लिएका र योगदान गरेकै पार्टीहरूको उपस्थिति भएको कारणले गर्दाखेरि याहाँ हामी सबैको एउटै मत रहेको छ जस्तो मलाई लाग्दछ। हामीले जब २०७२ सालको संविधान जारी गऱ्यौं। ०७२ सालको संविधान जारी गरिसकेपछिका चुनावहरू त्यसलाई कार्यान्वयन गर्नको निम्ति भएका चरणबद्ध चुनावहरू र चुनावका रिजल्टहरू हेर्दाखेरि त्यति सुखद खालको देखिँदैन र राजनीतिक हिसाबले स्थायित्व हुने खालको परिस्थिति सिर्जना नभएकै कारणले गर्दाखेरि एक, अर्को कुरा हामी जसरी राजतन्त्रको विरुद्धमा संघर्ष गर्ने बेलामा सात दल र माओवादी आन्दोलनको धारसहित जसरी हामी १२ बुँदे हुँदै यो परिवर्तनलाई अगाडि बढाउने र संविधान जारी गर्नेसम्म जसरी हामी मिलेर गएका थियौ र त्यसपछि हामी राजनीतिक पार्टीहरू मिलेर जान सकेनौं।र हामीले प्राथमिकताहरू पनि निर्धारण गर्न सकेनौं। अब राज्य परिवर्तनपछि, राजनीतिक परिवर्तनपछि देशको आवश्यकता के हो? प्राथमिकता के हो? र हामी राजनीतिक पार्टीहरूले खेल्नुपर्ने भूमिका के हो? भन्ने कुरामा पटकपटक सरकारमा उनीहरूले पनि पटकपटक सरकारको नेतृत्व गर्नेले पनि र प्रतिपक्षमा रहेर आफ्नो भूमिका खेल्नेले पनि सबैले त्यसलाई जसरी गम्भीरतापूर्वक रुपमा लिनुपर्ने हो त्यो विषयमा हामी अलि गम्भीर बन्न सकेनौ कि भन्ने कारणले गर्दाखेरि अहिले जनतामा जुन खालको असन्तुष्टि व्यक्त भइराखेको छ। यो राजतन्त्रप्रति अथवा राजाप्रति आस्था बढेर होइन। यो हामीप्रतिको वितृष्णा असन्तुष्टि जसरी सडकमा व्यक्त भइराखेको छ त्यो त्यसलाई मैले अस्ति एउटा टेलिभिजन इन्टरभ्यूमा पनि के भनेको छु भने त्यो इमान्दारिताका साथ व्यक्त भएको भावना हो। हामीले जनताको पक्षमा, हामीले राष्ट्रको

पक्षमा, देशको विकासको पक्षमा जसरी प्राथमिकता तोकेर जे संविधान कार्यान्वयनको निम्ति बन्नुपर्ने कानुनहरू संविधान बनिसकेपछि  जनतालाई दिनुपर्ने डेलिभरीको कुरा छ। विकृति विसंगतिको अन्त्य गर्दै सुशासन कायम गर्ने कुरामा, समावेशी विकासलाई हामीले  व्यवस्थित गर्ने कुरामा र संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउने कुरामा जुन खालको उदासिनताको स्थिति जनताले अनुभूत गरिराखेको छ। हिजो राजतन्त्रमा पनि एउटा मुठीभर आसेपासे तत्त्वहरूले त्यसको फाइदा लिएका थिए भने गणतन्त्र यो संघीय लोकतान्त्रिक गणतन्त्र आइसकेपछि पनि मान्छेलाई के परिराखेको छ भने दलकै नजिकका आफन्तहरू आसेपासेहरू झोलेहरू र चाकडीबाजहरूले मात्रै त्यसको लोकतन्त्रको बेनिफिट तिनैले मात्रै लिने भन्ने खालको अनुभूति गर्ने खालको जुन वातावरण बनिराखेको छ त्यो वातावरणकै कारणले गर्दाखेरि जनताको असन्तुष्टि र आक्रोश व्यक्त भइराखेको छ। र त्यही असन्तुष्टि र आक्रोशको जगमा टेकेर पूर्व राजाप्रतिको आस्था राख्नेहरू, राजतन्त्रप्रति विश्वास राख्ने र त्यो विचार बोक्नेहरूले अलिकति स्पेस खोजिराखेका छन् । र त्यो भावनालाई सपोर्ट गर्ने रुपमा जसरी एउटा असन्तुष्टि व्यक्त भइराखेको छ मलाई लाग्छ त्यो आत्तिई हाल्ने स्थिति होइन। तर फेरि हामी सजग हुनुपर्छ लेनिनले के भन्नुहुन्छ भने राजनीतिक परिवर्तनपछि पुरानो सत्ता सञ्चालन गरेका ती पुराना बहिर्गमितहरूले पटकपटक फेरि आफ्नो सत्ताको पुनर्बहालीको निम्ति र पुनर्स्थापनाको लागि  आफ्नो स्पेस खोजिरहन्छन्। त्यो मौका खोजिरहन्छन्। त्यसकारणले गर्दाखेरी हामी सबै सर्वहारावादी, परिवर्तनकारी, प्रगतिशील विचार राख्ने शक्तिहरू र एउटा प्रजातान्त्रिक, लोकतान्त्रिक  विचार राख्ने शक्तिहरू बेलाबेलामा छलफल गर्ने, सामूहिक रुपमा छलफल गर्दै राष्ट्रका प्राथमिकताहरू निर्धारण गरेर हामीले सरकार सञ्चालन गर्ने पक्षले पनि र हामी अहिले सत्ताको प्रतिपक्षी भूमिका रहने सबैले लोकतन्त्रका आधारभूत मान्यता, संविधानका आधारभूत कुराहरू र संविधान कार्यान्वयन राष्ट्र र जनतालाई दिनुपर्ने डेलिभरीसँग सम्बन्धित विषयमा अलिकति गम्भीर बन्नुपर्ने स्थिति पक्का पनि पैदा भएको छ भन्ने मैले महसुस गरेको छु।

मलाई लाग्छ अलिकति केही कुराहरू अहिले सरकारले  जसरी आफ्नो कामलाई अगाडि बढाइराखेको छ यो हेर्दाखेरि भर्खरै पनि मैले हिजो अस्ति यो ३ गते र ४ गतेको  कान्तिपुर पत्रिकामा हेरे सुपारी जस्तै चाम्रो सरकार भन्ने एउटा ब्यानर न्यूज आएको छ। अनि सुपारीको दाना तस्करीको पहाड भनेर हिजोको कान्तिपुरमा सम्पादकीय आएको छ। तस्करलाई प्रोटेक्सन गर्ने हिसाबले तस्करीलाई प्रोत्साहन गर्ने हिसाबले सरकारले जसरी कामहरू अगाडि बढाइराखेका छन्। त्यस्ता खालका जनविरोधी खालका, राष्ट्रविरोधी खालका, राष्ट्रका हित नहुने, जनताको हित नहुने, नेपाली किसानहरूको हित नहुने कामहरू  गरिराखेको छ। यसप्रति पनि जनताको

असन्तुष्टि बढ्दै जान्छ। त्यस्तै हिजैकै मात्रै पनि नयाँ पत्रिका मैले पढे, नयाँ पत्रिका के छ भने मन्त्रीले नै आफैले प्रोटेक्सन गरेर सरकारले नै संरक्षण गरेर सिमेन्टको, रडको अझ रडको त यो १५ दिनको बीचमा पाँच चोटी मूल्य वृद्धि भएको छ। ८७ रुपैयाँबाट अहिले १०५ प्रति केजी भएको छ। यसले जनतालाई मार परिराखेको छ उपभोक्तालाई मार परिराखेको छ। राज्यकै संरक्षणमा मन्त्रीकै मिलो मतोमा यस्तो खालको गतिविधि गर्दाखेरि जनताप्रति निराशा आक्रोशको भावना पनि पैदा हुने कुरालाई मैले अस्वाभाविक मान्दिन त्यसकारणले गर्दाखेरि यस्ता कुरामा सरकारले ध्यान दिन जरुरी छ। हामी पुँजीगत खर्च बढाउन सकिराखेका छैनौं। अहिले राज्य ऋणमा चलिराखेको छ। नियमित खर्च पनि हामी राजस्वबाट धान्न सक्ने स्थितिमा छैनौं भने यस्ता कुराहरू जनताका विरुद्धमा राष्ट्रका विरुद्धमा, परिवर्तनका विरुद्धमा, एउटा खालको माहोल बन्ने खालको वातावरण यो सरकारमा बस्ने जिम्मेवार मन्त्रीहरूले नगर्दाखेरि राम्रो हुन्छ र म यसप्रति सजग हुनको निम्ति पनि म मेरो आफ्नो तर्फबाट सुझाव दिन चाहन्छु।

त्यस्तै स्वास्थ्य क्षेत्रमा यो संविधानको मौलिक हकमा हामीले स्वास्थ्य सम्बन्धी अधिकारको बारेमा र राज्यको दायित्वको बारेमा परिभाषित गरेका छौं। जनताले उठाएको questions पनि त्यही हो। संविधानमा हामीले जे विषय उठाइराखेका छौं, संविधानमा हामीले जे विषय सम्बोधन गरेका छौं, संविधानमा जे विषय लेखिएको छ त्यो किन कार्यान्वयन भएको छैन भन्ने कुरा हो। स्वास्थ्यमा हेर्ने हो भनेदेखि अहिले तपाईको १७ अर्ब करिब करिब ४२ करोड जति दायित्व भुक्तान गर्न सकिराखेको छैन। त्यसको मोनिटरिङ भएको छैन। त्यहाँ सबैको समान पहुँच छैन। र उपचार पनि व्यवस्थित ढंगले हुन सकिराखेको छैन। यो कुरा पनि त जनताले हेरिराखेको छ सरकार के गरिराखेको छ भन्ने कुरा। अरु क्षेत्रमा शिक्षा क्षेत्रमा सरकारमै भएका विद्यार्थी संगठनका साथीहरूले विश्वविद्यालयमा ताला लाउने भइराख्या छ। त्यहाँ नियमित गतिविधि हुन डिस्टर्ब भइराखेको छ। नियुक्ति प्रक्रिया त्यस्तै खालको छ। यी कुराहरू पनि त्यहाँ गएर जोडिएका छन् लगायतका यी थुप्रै विषयहरू जसरी उठिराखेका छन्। यी जनविरोधी, राष्ट्रविरोधी र परिवर्तन विरोधी र हामीसँग सरकार यो सरकार र परिवर्तनकारी राजनीतिक पार्टीहरूसँग जसरी जनताले एउटा अपेक्षा गरिराखेका छन् त्यो अपेक्षाको विषयमा हामी सबै राजनीतिक पार्टीहरू जो परिवर्तनकारी राजनीतिक पार्टीहरू छौं। कांग्रेस, एमाले, माओवादी र अरु मधेसवादी मधेस आन्दोलनबाट आएका पार्टीहरू र अहिले नयाँ आएका पार्टीहरू पनि नेताहरूले अब प्राथमिकता निर्धारण गरेर एकचोटी बस्नु जरुरी छ। गम्भीरतापूर्वक छलफल गर्नु जरुरी छ र यो संविधान कार्यान्वयनको लागि सर्भिस डेलिभरीको लागि र जनताका आधारभूत आवश्यकताको सम्बोधन गर्ने विषयमा हामीले साझा धारणा

बनाएर जाँदाखेरि नै प्रतिगामी शक्तिहरू प्रतिगमनकारी शक्तिहरू र इतिहासमा जनताले एकचोटि सजाय दिइसकेका शक्तिहरूले मुन्टो उठाउने अवसर पाउँदैनन्। यसको लागि हामी गम्भीरतापूर्वक सोंचेर अगाडि बढौं भन्ने मेरो आफ्नो भनाई राख्दै बिदा हुन चाहन्छु हस् त अभिवादन। नमस्ते।

(१४:०७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोमा देवी तिमल्सिना समय १२ मिनेट। यसपछि माननीय सदस्य पुजा चौधरी।

(१४:०८ बजे) **माननीय श्री गोमा देवी तिमल्सीना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, जनताका आधारभूत समस्या पूरा गर्न नसक्दा जनतामा आएको नैरास्यता, नैरास्यता तथा बढ्दो अराजकता देशमा गणतन्त्र आइसक्यो। गणतान्त्रिक मुलुकमा जनताले खोजेको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगार जनताका नैसर्गिक अधिकार हुन। जनताले यी पूरा हुन् भनेर उनीहरूले खोजिरहेका हुन्छन्। यसलाई पूरा गराउन सरकारको खासै चासो देखिँदैन। सरकारमा देखिएको खासगरी सरकार टिकाउने, आफ्ना मान्छेहरू खास खास ठाउँमा व्यवस्थापन गर्ने गरेको मात्रै पाइन्छ। समस्या खोज गरी समाधान गर्ने कुनै चासो नै देखिँदैन। महिनौंदेखि स्वर्गद्वारीका मोही पीडितहरू काठमाडौंमा आएर आन्दोलनमा छन्। सरकारले कुनै चासो दिएकै छैन। यी पीडितहरूसँग वार्ता छलफल गर्ने यसको समस्या समाधान गर्ने कुनै वास्तै छैन। यस समस्यालाई छिटोभन्दा छिटो हल गर्नको लागि अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। बेरोजगारी समस्या दिनदिनै बढ्दो छ। सरकारले काम होइन, खाली विवाद मात्रै बल्झाउने काम गरिराखेको छ। चलिराखेका उद्योगहरू बन्द गरेको छ। अनि एक रातमै चलिरहेको उद्योगहरू बन्द गर्ने अनि प्राइभेट उद्योगहरूको एकपछि अर्को ती सिमेन्ट रड जस्ता उद्योगहरूबाट उत्पादन हुने सबै चिजहरूको महङ्गी वृद्धि गर्ने। जस्तै चलिरहेको उद्योग बन्द गर्नको लागि हेटौंडा सिमेन्ट कारखाना, उदयपुर सिमेन्ट कारखाना बन्द गराउने, प्राइभेट उद्योगहरूको वृद्धि विकास गराउने। यो सरकारकै नियतिबाट भएको हो। यसमा सरकारले कहिँ न कहिँबाट आफ्नो हातमाथि पारेको हुनाले यो जनताको ढाड सेक्ने काम भएको छ। एउटा सानो केही बनाउनलाई पनि रड, सिमेन्ट महँगोमा किन्नु पर्दा जनताले यो किन्न नसक्ने अवस्था भएको छ। यस्तो कुरालाई सरकारले ध्यान दिनुपर्छ कि पर्दैन? जवाफ दिनुपर्छ कि पर्दैन सरकारको जिम्मेवारी हुन्छ कि हुँदैन। एउटा जनताको अभिभावकको हो, सरकार सरकारले जनताको जिम्मेवारी बहन गर्न पर्दैन। यी तमाम कुराहरू छन् अनि एकपछि अर्को

उद्योगहरू बन्द गराउने कुनै ठाउँमा उद्योगधन्दाहरू सिर्जना नगर्ने, अनि त्यसपछाडि लाइन लागेर यति हजार यति सय मजदुर काममा गए बाहिर गए बाहिरिए भन्ने। अनि युवाहरूलाई खाडीमा धकेल्ने अनि तिनैले पठाएको रेमिटेन्सबाट यहाँ देश चलाउन उद्दत हुने, कस्तो सरकार। यो सरकारले नताको हितमा के गर्ने हो भन्ने कुरा सोंच पुऱ्याउनु पर्दैन? गणतान्त्रिक मुलुकको सरकार, हिजो आन्दोलनबाट आएको सरकार, आन्दोलन गरेर आएको सरकारमा सबैजना हुँदाहुँदै पनि हिजोको आन्दोलन सबै कुरा बिर्सेरै हो? बिर्सिन हुन्छ कि हुन्न अनि हुन त के भन्ने धेरै नेताका छोराछोरीहरू विदेशमा हुनुहुन्छ। विदेशबाट आउने रकमले यहाँ चलेन देश चलेन भने विदेशै जान पनि उहाँहरू तयार हुनुहुन्छ। यसले गर्दाखेरि हामी निहित जनताको भविष्यमा खेलबाड गर्नलाई सरकारलाई कुनै त्यस्तो असजिलो छैन। तर म भन्छु फेरि पनि सरकारलाई यो गर्ने छुट छैन। जनताको टाउकोमा टेक्ने अनि खेलवाड गर्ने छुट सरकारलाई छैन। अब केही युवाहरू उज्यालो भविष्यको लागि भविष्य खोज्दै दलालको फन्दामा परेर अमेरिका हानिन्छन् अमेरिका टेक्न नपाउँदै अमेरिकन सरकारले हतकडी र नेल लगाएर नेपाल फर्काइदिन्छ। यसमा सरकारको कुनै यो राम्रो गऱ्यो, नराम्रो गऱ्यो, जान हुँदैन, नजाउ यहाँ हामी रोजगारी सिर्जना गर्छौं भन्ने कुरा कुनै सरकारबाट कहिँ कहिँ चुहिएको पनि छैन। मनमा नै गरेको भए हामीलाई थाहा छैन। यस्तो कुराहरू राज्यले जिम्मा लिनुपर्छ कि पर्दैन? आफ्ना जनताहरू कहाँ छन् भोकभोकै तड्पेका छन् भन्ने कुराहरू राज्यले सोंच्नु पर्दैन हामीले मात्रै खाएर हुन्छ भन्ने कुराहरू बिर्सिदिनुपर्छ। यस्तो अवस्थामा सरकार केही नबोली अन्धोपन देखाउने कस्तो विडम्बना हाम्रो देश। देशमा बढेको अराजकता दिनदिनै लुटपाट, हत्या, हिंसा कसरी घटाउने भन्दा बढाउने ठाउँमा तल्लिन भएको प्रशासन खोइ घटेको समस्या? खोइ सरकारले यसलाई नेतृत्व गर्न सकेको? खोई सरकारले यसलाई काबुबाट कब्जा लिन सकेको? आज सरकारकै कारण पनि यो विभिन्न ठाउँमा राजावादीहरूको विभिन्न कुराहरू उर्लेर आएको छ। सरकारले यसलाई जिम्मेवारीपूर्वक गाँस, बास, कपास पूर्ण गर्न नसकौला तर सुरुवात गर्नुपर्छ। खोइ सुरुवात गरेको, कहाँ छ सुरु गरेको? भएका चिजहरू पनि भत्काइएको छ। दातृ संस्थाले बनाइदिएका उद्योगहरू बन्द गरिएको छ, बेचिएको छ। त्यो बेचेर त्यो एक ठाउँमा बेचेर अर्को ठाउँमा कहाँ किन्यो त? त्यो फेरि कहाँ लगाइयो त त्यो कुरा कुनै लेखोजोखो छैन। यस्तो हिसाबले लुटपाट, हत्या, आतंक कसरी कमजोर हुन्छ। झन् झन् एकपछि अर्को बढिराखेको हुन्छ। यस्ता कुराहरूमा सरकारले ध्यान दिइराखेको पाइँदैन। यसरी फेरि पनि क्विन्टलका क्विन्टल सुनहरू पक्रिन्छ, त्यो पकडेको पनि भरिया पक्डिन्छ। त्यसको एउटा समिति बनाइन्छ त्यो समितिले ल्याएको त्यो ल्याएको रिपोर्ट सार्वजनिक गर्दिँदैन। कहाँ कहाँ आफै आफै लुकाएर राखिन्छ। यस्तै हिजो मात्रै २५ करोड रुपैयाँ अमेरिकन डलर यूरो भित्रिएको छ। त्यहाँ पनि

भरिया समातिएको छ भरिया मात्रै समातिएको छ। त्यसको मालिक को हो? कोसँग हिसाब किताब मिलेन सरकारमै हिसाब किताब मिलेन होला। त्यसैले भरिया समातियो।त्यो हिसाब किताब मिलेको भए सायद त्यो ट्रकलाई समातिँदैन थियो। यसले सरकारले वास्तवमा जवाफ दिनुपर्छ कि पर्दैन? सरकारले के जानेको छ, प्रतिपक्षलाई होच्याउन जानेको छ। अस्तितिर प्रतिपक्षहरूले राखेका कुरा सुन्न नसकेर प्रतिपक्षहरूलाई ओठे जवाफ मन्त्रिमण्डलबाट मन्त्रीज्यूहरूले बताउनु भयो। मलाई लाग्छ उहाँहरू सभ्य हुनुहुन्छ। हामी प्रतिपक्षमा बसे पनि उहाँहरू हिजो त्याग तपस्याबाट आउनुभएको, आन्दोलनबाट आउनुभएको। उहाँहरूले यस्तो नमिठो कुरा बोल्नुहुन्न जस्तो लागेको थियो। तर प्रतिपक्ष भनेको त दास हुन्। प्रतिपक्षले नै गर्दा हामीले जे गरेनि हुन्छ। प्रतिपक्षलाई हामीले दबाउनुपर्छ भन्ने खालको ओठे जवाफ दिएर मन्त्रीज्यूहरूले आफूलाई गरिमामयको उत्कर्षमा हामी गौरवान्वित भयौं होला। त्यसले उहाँहरूको आफ्नै कद घटाएको छ। यस्तो कद घटाउने काम यहाँहरूले नगर्दा राम्रो हुन्छ। हामीलाई त केही भन्नु छैन तर उहाँहरूको कद नघटोस् भन्ने फेरि पनि म शुभकामना दिन चाहन्छु। यहाँ जति बोले पनि, जति भने पनि, बहिरो सरकार, अन्धो सरकार कति भनौं आज बन्द उद्योग खोल्ने चासो छैन। अनि कुरा उठाउने प्रतिपक्षलाई ओठे जवाफ दिनु। अनि त्यति भएर भएन भनेर विभिन्न खालका अध्यादेश ल्याएर कहिले पार्टी फुटाउन अध्यादेश ल्याउन खोज्ने। कहिले कसको नामको जग्गा कसको नाममा पठाउनको लागि अनि अध्यादेश ल्याउने। यो केही गर्न नसकिसकेसी अब के खिचडी पाक्दैछ यो थाहा छैन। तर जुन खिचडी पाके पनि सरकारलाई त्यो पूरा हुन दिन हुँदैन। म प्रतिपक्षको मात्रै हैन, म यो देशको नागरिक यहाँ एउटा नीति निर्माण गर्ने ठाउँको सांसद भएको हुनाले मैले यो कुरा भन्नै पर्छ। जनताको बोली बोल्नैपर्छ। अब मन्त्रीज्यूहरूले ख्याल गरेर बोल्नु होला। कहिले एउटा कर्मचारीलाई लखेटेको लखेट्यौ। कहिले एउटा कर्मचारीको अफस माथि फेरि मन्त्रीको अफिस राख्ने। यस्तै यस्तै यो नाजायज काम गर्दा गर्दा हाम्रो यो सरकार यति फितलो यति जनताले नपत्याउने भइसक्यो। अब मेरो समय बाँकी भएपनि म यहाँ भन्दा उहाँहरूलाई भन्नै मन लागेन। भन्नै मन लागेन।अव यहाँ भन्दा भन्दिन। धन्यवाद। सुध्रिनु होला।

(१४:१९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य पुजा चौधरी समय ५ मिनेट। यसपछि माननीय सदस्य बामदेव गौतम।

(१४:१९ बजे) <u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्षज्यू, सबभन्दा पहिले त हिजो सम्पन्न स्ववियुको निर्वाचनमा निर्वाचित सबैजनालाई हार्दिक बधाई दिन चाहन्छु। साथै सफल कार्यकालको शुभकामना पनि दिन चाहन्छु। अध्यक्षज्यू, दिगो विकास लक्ष्यहरू मध्ये पाँचौं लक्ष्य अनुसार नेपालमा लैङ्गिक समानताको अवस्थाबारे म आज केही कुराहरू भन्न गइरहेकी छु। संसारका विभिन्न विकासशील राष्ट्रहरूमा लैङ्गिक विभेद समस्याको रुपमा रहिआएको छ। दिगो विकास लक्ष्यले संसारभरिबाट उक्त विभेदलाई अन्त्य गरी लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तिकरण गर्ने लक्ष्य राखेको छ। हाम्रो देशले पनि सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यलाई पछ्याउँदै लैङ्गिक समानता हासिल गर्ने योजना अगाडि बढाइरहेको स्थिति छ। यिनै विभेदको अन्त्य गर्न २०७२ को संविधानको प्रस्तावनामा नै लैङ्गिक समानता र समावेशीकरणलाई मूल आधार बनाएको पाइयो। महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरियो। यसरी हाम्रो देशमा पनि धेरै सकारात्मक परिणाम देखिनुका साथै तीनै तहको सरकार र संसद लैंगिक दृष्टिकोणले समावेशी बनाउने संस्थागत प्रयास भए। सायद यिनै कारणले विश्वको लैङ्गिक दुरी सूचकमा नेपाल ५८औं स्थान माथि जान सफल रह्यो। महिलाको प्रतिनिधित्वका विषयमा संविधानले सूचकसहित तोकेरै आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका महिलाको प्रतिनिधित्वको सहभागिता सुनिश्चित गरेको छ। २०७८ को जनगणनाले नेपालमा करिब २% परिवारले महिलाका नाममा घर र ९.७%ले जग्गा राखेका छन्। समष्टिगत रूपमा २४% परिवारले मात्र महिलाको नाममा घर वा जग्गा राखेको देखिन्छ। नेपालको तीन तिहाई परिवारमा महिलाको आर्थिक स्रोतमा पहुँच छैन। कमजोर आर्थिक अवस्था र रातदिनको घरको जिम्मेवारी सहित नेपाली महिलाको मूलधारको राजनीतिमा सहज पहुँच अत्यन्त कठिन छ। यस्तै विभिन्न कारणवश आर्थिक रूपमा पछाडि परेका महिलाको राजनीतिक प्रतिनिधित्व भएमा हाम्रा नीति तथा प्रणालीहरूद्वारा गरिबी घटाउन सकिन्छ भन्ने परिकल्पना संविधानले गरेको हुन सक्छ। तर सत्यता खर्चिलो निर्वाचन प्रणालीले गर्दा महिलाले सजिलै प्रत्यक्ष निर्वाचनमा प्रतिनिधित्व गर्न सक्दैनन्। यसैले संविधानको मूल्य मान्यता परिवर्तन गर्न विशेष व्यवस्थासहित राज्यको सम्पूर्ण संरचनामा समानुपातिक सहभागिताको हक सुनिश्चित गरेको देखिन्छ। मुलुकमा पुरुषको साक्षरता दर ८३% र महिलाको ६९% छ। शैक्षिक रुपले पनि पछि पर्दा महिला सधैं पछाडि पर्ने, जति मेहनत गरे पनि कम पारिश्रमिक पाउने, बालविवाह हुने र हिंसा भोग्नुपर्ने अवस्था छ। अस्ति पनि हाम्रो खेलकुद मन्त्रीज्यूले पुरुष खेलाडीले खेल्दाखेरि पाउने पारिश्रमिक १ लाख हो भने महिला खेलाडीले पाउने त्यही ठाउँमा ५० हजार मात्रै भन्नुभएको थियो। त्यसैले दिगो विकास लक्ष्य अनुसार लैङ्गिक असमानताको सूचकांक अनुसार नेपालका लैङ्गिक असमानता ०.४९% रहेकोमा सन् २०३० सम्ममा यो

असमानता कम गरी ०.०५% मा झर्ने लक्ष्य राखेका छौं। त्यस्तै शारीरिक तथा यौन हिंसामा परेका महिलाको सङ्ख्या २८.४% छन्। यस समस्यालाई कम गरी सन् २०३० सम्ममा ५%मा ल्याउने लक्ष्य राखेको छ। महिला किशोरी तथा बालबालिकाहरूको बेचबिखन सन् २०१५ सम्ममा कुल सङ्ख्या १६९७ थियो भने सन् २०३० सम्ममा ३२५ पुऱ्याउने लक्ष्य रहेको छ। त्यस्तै निजी क्षेत्रमा निर्णायक तहमा महिलाको सहभागिता २५% छ भने सन् २०३० सम्ममा यस क्षेत्रमा ४५% महिलाहरूको पहुँच पुऱ्याइने लक्ष्य लिइएको छ। इन्टरनेट प्रयोग गर्ने महिलाको अनुपातमा १५ देखि २४ वर्ष समूहका १२.६% छन् भने यसलाई सन् २०३० सम्ममा ९८% पुऱ्याउने लक्ष्य छ। विभिन्न तथ्य र सूचकांकहरूलाई हेरेर नेपालले लैङ्गिक समानताको लक्ष्यमा फड्को मारिरहेको रहेको छ तर आगामी समयमा लक्ष्यलाई हासिल गर्नलाई पनि धेरै चुनौतीहरू भने बाँकी नै रहेको देखिन्छ। त्यसैले यसका विभिन्न आयामहरूमा सकारात्मक परिवर्तन ल्याउनको लागि सरकारले अझ काम गर्नुपर्ने आवश्यकता देखिन्छ। साथै भोलिदेखि सुरु हुन गइरहेको S.E.E. परीक्षामा सहभागी सबै परीक्षार्थीहरूलाई परीक्षाको राम्रो कामना गर्दै शुभकामना पनि दिन चाहन्छु। धन्यवाद।

(१४:२४ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य बामदेव गौतम समय ८ मिनेट। यसपछि माननीय सदस्य रेनु चन्द।

(१४:२५ बजे) **माननीय श्री बामदेव गौतम (मनोनित)ः-** सम्माननीय अध्यक्ष महोदय, मलाई बोल्नका निम्ति थप ३ मिनेट प्रदान गर्ने माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। आज म यो बैठक समक्ष नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गर्दै आफ्ना केही विचार राख्न चाहन्छु। यही चैत महिनाको ३ गते प्रकाशित कान्तिपुर दैनिकमा १२ नेपाली महिला ग्रेट हिमालयन ट्रेनको १०० दिने पदयात्रामा शीर्षकले मलाई निकै आकर्षित गऱ्यो। निकै कठिन तर विश्वभर चर्चित ट्रेकिङ रुट ग्रेट हिमालयन ट्रेलको सय दिने पदयात्राका लागि १२ नेपाली महिला गत शुक्रबार काठमाडौंमा जम्मा भएर ताप्लेजुङ तर्फ लागेका छन्। अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भ पारेर सिन्धुपाल्चोक, पाँचपोखरी, थाङपालकी पर्वतारोही माया गुरुङको नेतृत्वमा १२ महिलालाई उनीहरूका परिवारजनले शुक्रबार बौद्ध स्तुपाबाट विदाई गरेका हुन्। यो समाचार थाहा पाउँदा म धेरै खुसी भए। सम्माननीय अध्यक्ष महोदय, नेपाल प्राकृतिक रूपले नै सुन्दरताले भरिपूर्ण देश हो। यस्तो प्राकृतिक विविधता विश्वका बिरलै

देशहरूमा पाउन सकिन्छ। नेपालको प्राकृतिक विविधतालाई विश्वसामु चिनाउने एक सशक्त माध्यम पर्यटन क्षेत्र हो। नागरिक स्तरबाट नेपाली महिलाहरूले नेपालका १७ हिमाली जिल्लामा फैलिएको ग्रेट हिमालयन ट्रेलको पदयात्रा अत्यन्त सहानीय काम हो। ताप्लेजुङदेखि दार्चुलासम्म फैलिएको १७०० किलोमिटर लामो यो पदमार्ग विकटता उचाइ मौसम लगायतका कारण निकै चुनौतीपूर्ण मानिन्छ। यस्तो चुनौतीपूर्ण यात्रामा नागरिक स्तरबाटै आफ्नो खर्च व्यवस्थापनमा चल्नुपर्ने पदयात्रामा सामेल सदस्यहरूले सुनाउँदा सरकार उदासीन भएको हो कि भन्ने मलाई लागेको छ। पर्यटन क्षेत्रबाटै नेपाललाई चिनाउने उद्देश्य राखेर निस्केका महिलाहरूलाई खर्च र व्यवस्थापनको जिम्मा नेपाल सरकारले दिनुपर्दथ्यो भन्ने मेरो मान्यता छ। यो यात्रामा निस्केका पदयात्रीहरूका सुरक्षामा कुनै अभाव हुन नदिनका लागि नेपाल सरकारले आवश्यक सुरक्षा प्रबन्ध साथै हवाई गस्तीको व्यवस्था पनि गर्नुपर्छ भन्ने मलाई लाग्या छ। जसरी उनीहरूले तयारी गरेका छन् र फोटोमा पनि युद्ध मैदानमा जान लागेका योद्धाहरूको सम्झना दिलाउने गरी आफूलाई अत्यन्त गम्भीर रुपमा प्रस्तुत गरेका छन् यो देख्दा पनि गौरव गाथा छचल्किए जस्तो मलाई लाग्छ। यी साँच्चिकै बहादुर हुन्। साँच्चिकै अजय शक्तिको भरिपूर्णताले उनीहरू प्रकट भइरहेका छन्। उनीहरूको दैनिक यात्रामा सबै प्रकारको सहयोग र स्वास्थ्य उपचारको पनि व्यवस्था मिलाउन आवश्यक ध्यान दिन नेपाल सरकारसँग म माग गर्न चाहन्छु। १२ नेपाली महिलाहरूको ग्रेट हिमालयन ट्रेल ज्यादै ठुलो महत्वको घटनाको रुपमा देखापरेको हुनाले मैले यसलाई तदनुरुप सम्मानको लागि यहाँ प्रस्तुत गरेको हुँ। २० जना सहयोगी समेत गरी ३२ जनाको एउटा समूह बनेको छ। यिनीहरूको सफलता प्राप्त गरेपछि ठुलो उपलब्धि प्राप्त हुनेछ। नेपाल लगायत सारा संसारभरिमा यो समूहले सम्मान पाउनेछ। यो सम्मान नगदभन्दा पनि इज्जत, प्रतिष्ठा र सभ्यताको मूल्य यसमा समाहित हुनेछ। अध्यक्ष महोदय, मैले यसमा समाजवादको ज्योति देखेको छु। समाजवाद आखिरमा सामूहिक उत्पादन र सामूहिक स्वामित्व नै त हो। आदि मानव जाति यसरी नै विकसित भएको हो। ३२ जनाको यो समूहले ग्रेट हिमालयन ट्रेलको १७०० किलोमिटर लामो पदयात्रा सम्पन्न गर्नेछ नेपालको प्रतिष्ठा उठाउनका लागि संसारभरिका करिब ८ अर्ब मानव जातिको प्रतिनिधिका रुपमा नेपाली महिलाहरू अगाडि देखा परेका हुन्। यो संसारमा धेरै प्रकारका प्राणीहरू छन्। तर सचेतन र उद्देश्यमूलक ढंगबाट पदयात्रा गर्ने मानवजाति मात्र हो। जसरी ग्रेट हिमालयन ट्रेलमा समूहबद्धता देखा परेको छ, त्यसरी नै सिंगो नेपालका ३ करोड नेपालीबाट बालबालिका र वृद्धवृद्धा गरी १ करोड छोडेर २ करोड मानव जाति यस्तै समूहबद्धताका आधारमा उत्पादन र निर्माणमा लगाउन सकियो भने के आगामी १० वर्षमा नेपाललाई युरोपियन स्ट्यान्डर्डमा पुऱ्याउन नसकिएला? मेरो विचारमा

सकिन्छ अवश्य सकिन्छ। यो परिकल्पना सहित म त्यो साहसिक पदयात्रामा सामेल सबै सदस्यहरूलाई हार्दिक बधाई तथा भव्य सफलताको शुभकामना दिन्छु। धन्यवाद।

(१४:३१ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य रेनु चन्द। समय ११ मिनेट। यसपछि माननीय सदस्य भगवती न्यौपाने।

(१४:३१ बजे) <u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, पछिल्ला केही घटनाक्रममाथि आफ्नो मत राख्न म यहाँ उपस्थित भएकी छु। सर्वप्रथम म स्ववियू निर्वाचनमा निर्वाचित सबै र निर्वाचन सफल पार्ने सबै विद्यार्थीहरूलाई शुभकामना दिन चाहन्छु। केही समय अगाडि यस सम्मानित सभामा अध्यादेशहरू माथि छलफल हुँदा माननीय मन्त्रीज्यूहरूले प्रयोग गरेको शैलीप्रति म ध्यानाकर्षण गराउन चाहन्छु। हामी जनप्रतिनिधि हौं। यो सम्मानित राष्ट्रिय सभामा आएर हप्किदप्कीको भाषा पुनः नदोहोरियोस्। यो सम्मानित सदन हो, कसैको पार्टीको केन्द्रीय समितिको बैठक होइन जहाँ बोल्न बन्देज लगाइन्छ। उता संसदीय समितिको मिटिङहरूमा व्यापारीहरू आएर जनप्रतिनिधिहरूसँग अशोभनीय व्यवहार गर्दै छन्। मानौं सरकार हाम्रो मुठ्ठीमा छ भनेर दम्भ प्रदर्शित गर्दैछन्। अध्यादेशबाट कानुन बनाईंदैछ। मुक्कुमलुङ पाथिभरा क्षेत्रमा गम्भीर प्रकारको मानव अधिकार हनन हुँदैछ। शिक्षकहरू सडकमा आन्दोलित छन् । बजारमा आकाशिंदो महंगी छ। युवा विकल्पको खोजीमा छ। कूल मिलाएर जनता निराश छन्, आक्रोशित छन् ,किन ? यसको इमिडीयट कारण सरकार र त्यसका गतिविधि हुन् र यसको यो निराशाको आक्रोशको मुख्य जिम्मेवारी सम्माननीय प्रधानमन्त्रीज्यूको हो। दुई दुई चोटी असंवैधानिक रूपमा सदन विघटनले व्यवस्थालाई कमजोर बनाउने काम उहाँबाटै भएको हो। त्यसपछि निराशाको ग्राफ ज्यामितीय दरले बढ्यो। अहिलेको दुई तिहाईको गठबन्धन सरकारको पृष्ठभूमि बिचौलिया र भ्रष्टाचारीहरूले बनाएको हो भन्ने कुरा सदन, मिडिया र आम जनतामा व्यापक रूपमा परेको छ। यो विषयमा सत्तापक्षको कुनै पनि दलिल सुन्ने मुडमा जनता छैनन्। यो निराशा यो सरकार र यही कार्यशैली जारी रहने हो भने यो निराशा, आक्रोश झन् बढ्दै जानेछ। जसको परिणामस्वरूप हामी सबैले लडेर दुःख गरेर ल्याएको गणतन्त्र संघीयता धर्मनिरपेक्षता समावेशी समानुपातिकता लगायतका उपलब्धीमाथि प्रतिगमनकारीहरूले आक्रमण गर्ने मौका पाइ नै रहनेछन्। म सबै पार्टी र सबै पार्टीका आदरणीय नेताहरूसँग केही आग्रह गर्न चाहन्छु। हामी सबैबाट कमजोरी भएका छन्। सुधार जरुरी छ। पब्लिकले Wake up Call दिएको छ। स्थानीय निर्वाचनदेखि नै जनताले राजनीतिक दल र नेताहरूलाई सचेत

गराएको छ। तर नेताहरूले त्यसलाई सुन्नु भएन। आदरणीय नेताजीहरूलाई आग्रह छ। आत्ममुग्धताबाट बाहिर निस्किन म आव्हान गर्दछु। भ्रष्टाचार नियन्त्रण सुशासन र Service Delivery लाई प्रभावकारी बनाउन आग्रह गर्दछु। चारैतिर नेताराजको कुरा गर्दैछन्। अब नेताज्यूहरू अद्यावधिक हुने कि आत्ममुग्ध भइ रमाई राख्ने। हाम्रो अगाडि उदाहरण हुनुहुन्छ आदरणीय नेता गिरिजा प्रसाद कोइराला। उहाँ नेपाली राजनीतिको मञ्चमा कुनै बेला विवादित, आलोचना पाउने, अनपपुलर हुने नेता मध्यको एक हुनुहुन्थ्यो। फासिस्ट गिरिजा भनेर नारा लगाएकै हो। तर समयको पदचाप बुझेर उहाँले आफूलाई अद्यावधिक गर्नुभयो। र उहाँकै पालामा १२ बुँदे समझदारी भयो। गणतन्त्र लगायतका ठुला परिवर्तन उहाँकै सहभागितामा भए। आलोचना हुनु भनेको सच्चिने अवसर पनि हो। आदरणीय नेताहरू अद्यावधिक हुने कि नाई? समयको पदचाप बुझ्ने कि नाईं?- The Choice is yours. अहिले व्याप्त निराशा आक्रोशको पृष्ठभूमिमा हिन्दू धर्मको आडमा राजतन्त्ररूपी वीर मसान जगाउने चेष्टा गरिँदैछ। १६, १७ वर्षदेखि राजा छैनन् तर हिन्दु धर्म छ र रहिरहनेछ। राजनीतिको रोटी सेक्नेलाई धर्मको आड चाहिएला तर धर्मलाई त्यसको दरकार हुँदैन। पछिल्ला दिनहरूमा राजतन्त्र नहुँदा हिन्दु धर्म मासियो। डलर दिएर हिन्दु कन्भर्ट गराइए जस्ता हल्ला छन्। अनि राजावादी साथीहरूले तर्क दिनुहुन्छ- राजतन्त्र ल्याउँ र हिन्दु धर्म बचाइन्छ रे। विष्णुको अवतार मानिएका आफ्नै परिवारका सदस्यबाट मारिँदा आफ्नो परिवार त बचाउन सकेनन् धर्म बचाउँछन् भनेर कसरी र कसले पत्याउने? धर्म के हो? जे धारण गर्न योग्य छ त्यो धर्म हो। हिन्दु धर्म आफैमा सास्वत छ, त्यसलाई म आएर बचाउँछु भन्ने कुरा मस्खरी जस्तो लाग्छ। नेपालमा लाखौं डलर खर्च गरेर क्रिस्चियन बनाइयो भनेर हल्ला गरिएको छ। पूर्व सचिव, कतिपय विज्ञ, कतिपय विद्वान, हुँदाहुँदा कतिपय माननीय साथीहरूज्यूले लगायत थुप्रैले यस्तो भनेको सुनियो। के रहिछ त भनेर डाटा हेरेको त यस्तो भेटियो- यो २० वर्षको जनगणनाको डाटा हो। २०५८ देखि २०७८ सम्मको। २०५८ मा हिन्दु धर्मावलम्बीहरूको प्रतिशत ८०.६, २०६८ मा ८१.३ र २०७८ मा ८१.२ छ। ०.१% हिन्दु घटेको छ ०.१।२०५८ मा क्रिश्चियन धर्मावलम्बीहरूको प्रतिशत ०.४, २०६८ मा १.४ र २०७८ मा १.८ छ। पछिल्लो १० वर्षमा ०.४ क्रिश्चियन बढेको छ। यसैगरी हिन्दु धर्म ०.१% घट्नको कारण पनि के हुन सक्छ भने गणकलाई मेरो धर्म प्रकृति पूजक हो, बोन हो, जैन हो, बहाइ हो ,सिख हो भन्ने प्रतिशत क्रमशः ०.२, ०.०१, ०.०५३७ र ०.०१ रहेको छ। पहिला यसरी गणना हुँदैनथ्यो। अहिले पनि जन्म दर्ता गराउन जाँदा धर्म लेख्ने कोलममा उल्लेखित अन्य धर्महरूको अप्सन उपलब्ध छैन। अनि ०.४% हिन्दुलाई क्रिस्चियन बनाउन अर्बौं डलर खर्च गर्ने को हो? पुँजीवादी यति बेवकुफ हुन्छ भन्ने हामीलाई कसरी लागिरहेको छ? हिजो मात्रै कुरा भो फोकटमा पुँजीवादीले पैसा लगाउँदैन। अनि यसरी ०.४ मात्रै बढाउनलाई डलर खर्च गर्ने हामीलाई लाग्छ भने त्यो त हाम्रो भोलाभालापन हो। र जब यो भनिन्छ नि डलर खर्च गरेर हिन्दु धर्म परिवर्तन गरियो। त्यो

हिन्दुको अपमान हो। हिन्दुको आस्थाको अपमान हो। इन्भेडर्सहरू एसियामा आउँदा घाँटी काटिँदा परिवर्तित नहुने हिन्दूहरू डलरले परिवर्तित हुन्छ भन्ने कुरा कसरी सिद्ध हुन्छ? हिन्दुको आस्था यति कमजोर छैन जो डलरमा बिक्री होस् बरु डलर बोकेर ल्याऊ, हिन्दुको आस्था नेपालमा बिकाउ छ भन्ने मार्केटिंग गरेको पो हो कि, यो हिन्दु धर्मलाई कमजोर बनाउने भाष्य निर्माण गरेको मात्रै हो भन्ने मेरो बुझाइ छ। किनकी तथ्य र तथ्याङ्कले नेपालको हिन्दु Mislead भएको छैन भन्ने नै देखाउँछ। र यो विषयमा संविधानमा के व्यवस्था छ- संविधानको भाग १ को ४ मा नेपाल राज्य धर्मनिरपेक्ष भन्ने उल्लेख छ। स्पष्टिकरणमा यस धाराको प्रयोजनको लागि धर्मनिरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म, संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झिनुपर्छ भनेर लेखेको छ। सनातन धर्मको रक्षामा स्वयं संविधानमा व्यवस्था छ। संविधान पढ्नुहोस्। त्यसैले हिन्दू धर्म संकटमा छ भन्ने भ्रम छरेर झुटको खेती गरेर राजतन्त्र फर्किन्छ भनेर आशा नगरे हुन्छ। कस्तो थियो त राजतन्त्र? नेपालको राजदरवार भित्र षड्यन्त्र र हत्याकाण्डको अनियन्त्रित शृङ्खला बहादुर शाहको पालादेखि सुरु भयो र त्यसको निरन्तरता राजा वीरेन्द्रको वंश नाशसम्म जारी नै रह्यो। राजतन्त्र नेपाली जनतामा विश्वास राख्दैन। किनभने जनता उसको नजरमा रैती हुन्छन्। राजतन्त्र सँधै उदण्ड, अनुयायी र भारदारहरूको भरथेगमा सञ्चालन हुन्छ। कोतपर्वहरूको तानाबाना बुन्न व्यस्त, आफ्नै रक्त सम्बन्धदेखि सँधै सशङ्कित, षड्यन्त्रकारी र कुकर्मी मानसिकताका राजतन्त्रले कसरी जनताको भलो गर्छ? यो मेरो भनाई हैन।यो इतिहासमा लेखेको छ। अब यस्तो कहिले नहोस् भन्ने बाबुराम आचार्यज्यूको पुस्तक र नेपालको संविधान पढ्न म जेनजी पुस्तालाई आग्रह गर्न चाहन्छु। सोसल मिडियामा चलिरहेको Fabricated हल्लाको पछाडि लाग्नुको कुनै अर्थ छैन। दलित, महिला, उत्पीडित जाति, क्षेत्र, वर्गका मानिसहरूको अध्ययनमा साहस र बलिदानले बनेको देश हो। कुनै वंशमा जन्मेको आधारमा यो देशको राजा हुन्छु भन्ने कुरा अब हुँदैन। डाक्टर राहत इन्दौरीको केही लाइन म यहाँ भन्न चाहन्छु सापट लिएर .....मैले Creative Liberty पनि लिएको छु- अगर खिलाफ हे तो होने दो जान थोडी है। यह सब धुवाँ है। कोइ आशमान थोडी है। सबहीका खुन सामिल हे यहाँकी मिटी मे है, सबहीका खुन सामिल है यहाँकी मिटी मे, किसीका बापका नेपाल थोडी है। त्यसैले वंशको आधारमा यहाँ कुराकानी गर्न पाइँदैन। जनमत अनुमोदित भएर आउने। हजारौं सहिदहरूको रगत, लाखौं घाइते, अपाङ्ग, जेल नेलका यातनाहरू सबको समष्टि हो नेपाल देश। यति दुःख गरेर बनाएको देश कसैको जुनाफमा चढाइँदैन। १७ हजारको कुरा आउँछ। १७ हजारको बलिदान दिएर पाएको स्वाभिमान कसैको पाउमा दाम चढाइँदैन। कसैलाई राजाको रैती राजाको सन्तान हुनमा गर्व छ भने, होला। हामीलाई गणतन्त्र नेपालको नेपाली नागरिक र नेपाल आमाको सन्तान हुनामा गर्व छ, शान छ, त्यो हाम्रो अधिकार र त्यो खोस्न पाइँदैन। र अघि मैले मसानको कुरा गरें। हाम्रो सुदूरपश्चिमतिर यो वीर मसान जगाउने भन्ने किंवदन्ती छ। यसमा के हुन्छ भने वीर मसान जगायो भने त्यसले सब

काम गर्दिन्छ भन्ने हुन्छ के। वीर मसान जगाउनेले सबै काम गर्दिन्छ भन्नेछ। जनताको काम त त्यसले गर्दै गर्दैन। तर जसले जगायो उसको सर्वनास फुल ग्यारेन्टी गर्छ।त्यसैले जो जगाउन लाग्नुभएको छ सतर्क हुनुहोला र हामी माओवादी हामी गणतन्त्रवादी नाफाको जिन्दगी लिएर गणतन्त्रको रक्षाका लागि फेरि यहाँ उपस्थित छौं। मेरो कमान्डर प्रचण्डले मलाई रिटरिडको कासन दिएको छैन। गणतन्त्र जिन्दाबाद. धन्यवाद. लाल सलाम।

(१४:४१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य भगवती न्यौपाने। समय १५ मिनेट।

(१४:४२ बजे) <u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, विशेष समय, शून्य समयमा बोल्ने क्रममा, आकस्मिक समयमा बोल्ने क्रममा माननीयज्यूहरूले जे विषयहरू उठाइराख्नुभएको छ, मन्त्रीज्यूहरूले, माननीयज्यूहरूले उठाएका सरोकारका विषयहरूलाई जवाफ पनि दिइराख्नुभएको छ। म फेरि पनि अनुरोध गर्न चाहन्छु। उठेका विषयहरू सरकारले जवाफ दिनु पर्दछ र म एउटा कुरा भन्न पनि चाहन्छु। हामीले कस्तो राजनीति गरिरहेका छौं कस्तो संस्कार बसालिरहेका छौं हामी हाम्रो राजनीति भनेको सरकारमा जान जे पनि गर्नुपर्छ। प्रतिपक्षमा बस्दाखेरि सरकारको बारेमा जस्तो टिप्पणी पनि गर्नुपर्छ। भ्रम पनि फैलाउनु पर्छ। मिथ्या तथ्याङ्कहरू पनि प्रस्तुत गर्नुपर्छ। जनतालाई निराश पनि बाँड्नुपर्छ। यो मान्यताबाट हामी कहिलेसम्म ग्रसित हुन्छौं। म त अनुरोध गर्न चाहन्छु। यदि यो देश बनाउने हो भने हामीले गर्ने राजनीति यस्तो हुनु हुँदैन। हामीले गर्ने राजनीति चुनाव देखि चुनाब सम्म पनि हुनुहुँदैन। म चुनाव जित्नुपर्छ अर्को पटक चुनाव जित्नुपर्छ मेरो पार्टीले जित्नुपर्छ। त्यसकारणले गर्दाखेरि मैले कसैलाई सक्नुपर्छ। कोही नेतालाई सिध्याउनुपर्छ। कुनै पार्टीलाई सिध्याउनुपर्छ। त्यसैले भ्रम फैलाउनु पर्छ भन्ने मान्यताबाट हामी ग्रसित भयौं भने एउटा चुनावबाट ०७९ को चुनाव सकिने बित्तिकै ०८४को चुनाव, ०८४ को सकिने बित्तिकै ०८९ को चुनाव, ०८९ को सकिने बित्तिकै ०९४ को चुनाव। अनि हामी चुनावको मात्रै परिकल्पना गरेर कल्पना गरेर हामीले राजनीति गरेर देश बन्दैन। त्यसैले हामीले प्रस्तुत हुने विषय चाहे सत्ता पक्ष होस्, चाहे प्रतिपक्ष होस् हामीले प्रस्तुत गर्ने तथ्याङ्कहरू सत्य हुनुपर्दछ। त्यसैले हामीले प्रस्तुत हुने विषय चाहे सत्ता पक्ष होस्, चाहे प्रतिपक्ष होस् हामीले प्रस्तुत गर्ने तथ्याङ्कहरू सत्य हुनुपर्दछ। म अनुरोध पनि गर्न चाहन्छु हिजो पनि हामीले त प्रश्न उठाइराखेका थियौ केही तथ्याङ्क सहित हामीले देखेका प्रमाणहरूका आधारमा प्रश्न उठाएका थियौं। आज सरकारमा हुनेले देशै बर्बाद गर्‍यो। आज राजावादीहरू उठ्न थाले। राजावादीहरूले आन्दोलन गरे। मान्छे भड्काउन थाले। त्यो सबै असन्तुष्टिहरूको कारणले यो असन्तुष्टि आजको सरकारले गर्दा खेरि भएको हो भनेर

भन्ने ढङ्गले प्रस्तुत गर्दाखेरि मलाई त अचम्म लागिराख्छ। के यो आठ महिनाको सरकारले निराशै निराश बनायो। आज जति मान्छे विदेश गए, युवाहरू विदेश गएका छन्। ८ महिनामा मात्रै विदेश गए। देश ऋणमा चल्यो। आज मात्रै ऋणमा चल्यो। हिंजो ऋणै लिएको थिएन। यस्तो खालको तर्क त नगरौंन। यो तर्क होइन, यस्तो दलिल, यस्तो कुतर्क प्रस्तुत गरेर हामीले आफ्नो जिम्मेवारी निर्वाह गरेको ठहरिँदैन। त्यसैले म अनुरोध गर्न चाहन्छु। प्रश्न यो हामीले हिजो प्रतिपक्ष हुँदा पनि गरेका थियौं। प्रतिपक्षमा हुँदा पनि उठाएका थियौं। सुशासनको कुरा गरिराख्दा खेरि हामीले त्यतिखेरको सरकारलाई भनेका थियौं। सुशासनको कुरा आज दिनदिनै एयरपोर्टमा सुन आएको छ, सुन तस्करी भएको छ, अनि एउटा मजदुरलाई समातेर सरकारले पार पाउँछ, सुन तस्कर कहाँबाट कहाँ कहाँबाट भएको छ, तस्करी भन्ने कुरा सरकारले यथार्थ रूपमा जनतालाई भन्नुपर्दैन? तस्करहरूलाई कारवाही गर्नुपर्दैन? हिजो हामीले यो कुरा उठाएका थियौ। आज प्रतिपक्ष दलको एउटा पदाधिकारी जसको अडियो चाहिँ बाहिर आयो विद्युतीय सिग्रेटमा राखेर सुन ल्याएको कुरा बाहिर आयो। त्यो प्रश्न पनि हामीले गर्‍यौं। ती प्रश्नहरूको जवाफ त हामीले पाउँदै पाएका छैनौ। त्यस्ता जवाफ धेरै छन्। सुशासनको कुरा गर्दै गर्दाखेरि क्यान्टोन्मेन्टमा जो त्यतिखेर जनमुक्ति सेनामा रहेका जनमुक्ति सेनामा रहेकाहरूको चेक खोसियो। चेक किन खोसियो? यो हामीले भनेको होइन नि आज प्रमुख प्रतिपक्ष दलको नेता जो हुनुहुन्छ। उहाँको मुखबाट एउटा भिडियो बाहिर आयो। यो त राजनीति हो नी। आज एक अर्ब डेढ अर्ब यहाँ जति आयो। अब यति करोड, २० करोड तपाईहरूले हामीलाई दिनुहुन्छ हामी भन्छौ एक लाखको दरले आज १ लाखको दरले बाँडिएको छ। १ लाखले पुग्दैन नि, ९ लाख चाहिन्छ अब ९ लाख फेरि थप्नुपर्छ। चाहिन्छ नि। अनि हामीलाई तपाईंहरूले तपाईंहरूसँग हामी २० करोड लिन्छौं। यो त राजनीति हो नि। यसले हामी राजनीति गर्छौं नि भनेको भिडियो बाहिर आउँदा हामीले प्रश्न गर्‍यौं त्यसको उत्तर पनि त हामीले पाएनौं। यस्ता धेरै छन्, यस्ता धेरै छन् जनतालाई ढाँटेका कुराहरू त्यही एमसीसी पास गर्ने बेलाको नाटक पनि हामीले देख्या थियौ नि। त्यो नाटक जनतालाई एउटा कुरा बोलेर, जनतालाई एउटा कुरा भनेर, एमसीए कार्यालयमा एउटा पत्र पठाएर यति मितिभित्र एमसीसी पास गर्छौं भनेर पत्र पठाएर जनतालाई ढाँटेको, कार्यकर्तालाई ढाँटेको स्वयम् तपाईं कार्य कार्यकर्ताहरू पनि ढाँटिनुभएको त्यो पनि हामीले देख्या थियौ नि त। यस्ता यस्ता प्रश्नहरूको उत्तर त हामीले त्यतिबेला पनि पाएका थिएनौं। आजको सरकारले उत्पातै बेठिक गर्‍यो। त्यसले गर्दाखेरि राजतन्त्रवादीहरू सलबलाए भनेर भन्नेहरूलाई म अनुरोध गर्न चाहन्छु। यस्ता कुरा गरेर नगरौं। यदि हामीले साँच्चै हामी सबै मिलेर गणतन्त्रको रक्षा गर्ने हो भने सत्यमा टेकौं। र बहस गरौ छलफल गरौं समीक्षा गरौं। म यो अनुरोध गर्न चाहन्छु र अब म भन्न चाहन्छु अस्ति आदरणीय नेताहरू अग्रज माननीयज्यूहरू उहाँहरूले बोल्ने क्रममा इतिहासका कुराहरू पनि गर्नुभएको छ। त्यो कालो इतिहास, राजतन्त्रको त्यो कालो इतिहास, हत्याका शृंखलाहरू, अनि आज राजावादीहरू एकदमै

अब यो व्यवस्था खतमै भयो। यो व्यवस्थाले केही दिन सक्दैन फेरी त्यही राजतन्त्र ल्याउँ भनेर लागिरहेका छन्। एउटा भ्रम पार्ने काम भइराखेको छ मैले म यो एकदमै हिजो आज सामाजिक सञ्जालमा पनि देख्न सकिन्छ। हाम्रो पार्टीको अध्यक्ष अहिले प्रधानमन्त्री पनि हुनुहुन्छ। उहाँलाई कम्बोडियामा पैसा राखेको आरोप लगाई एकजना मान्छेले यो भ्रम किन सिर्जना गरेका थिए भने यस्तै माहोल बनाउनका निम्ति, जनतालाई निराशा बाँड्नको निम्ति कृत्रिम डकुमेन्ट बनाएर कम्बोडियामा पैसा राखेको कुरा जसले गऱ्यो, हामीले त त्यसको प्रतिवाद गऱ्यौं। प्रमाण देखाउ। कृत्रिम डकुमेन्ट बनायौं। प्रमाण एकदम सत्य प्रमाण देखाउ हामीले भन्यौ तर त्यतिखेर आजको प्रतिपक्षले प्रतिपक्ष दलको नेताले सदनमा बोल्नु भो प्रतिनिधि सभाको बैठकमा बोल्नु भो यो के हो, यो के हो कम्बोडियाको काण्ड के हो भनेर प्रश्न गर्नु भो। तर आज त्यही व्यक्तिले आज तिनै व्यक्तिले भनेनि त, प्रमुख प्रतिपक्ष दलको नेतालाई भने- क्यारे चाहिँ हिँजो दुबइमा पैसा राखेको २६ करोड तपाईको छोराले दुबइमा लगेर पैसा राखेको छैन र ? मलाई थाहा छैन र भनेर आज भन्याछ नि त त्यही व्यक्तिले। त्यसो भए के भन्ने। हामीले हिँजो प्रतिपक्षले कम्बोडियामा पैसा राखेको प्रधानमन्त्रीले भनेर भन्ने कुरा सबैको धेरैको सामाजिक सञ्जालमा शेयर भएको देखिन्थ्यो। धेरैले भन्नुभएको थियो यो कुरा। हो भनेर ताली बनाउनुभयो, समर्थन गर्नुभयो। तर आज आफ्नै नेतालाई भन्दा के भन्नुहुन्छ? तीनै नेताले छोरी र नातिनीका निम्ति अमेरिकामा घर बनाएको कुरा आज गर्दै हिडेका छन् नि त। स्वीट्जरल्याण्डमा घर बनाइदिएका छन् भनेर भनेका छन् नि त। त्यस्तो कुरा विश्वास गर्ने हो भने हामीले पनि हो भनेर भन्ने? हामीले पनि सामाजिक संजालमा लेख्न थाल्ने? हामीले पनि बोल्न थाल्ने? अनि यो केका निम्ति गरिएको थियो? यो त यो एउटा नकारात्मक माहोल सिर्जना गर्नका निम्ति निराशा बाँड्नका निम्ति जतातत‍ै वेथिती छ, नेता सबै भ्रष्ट भए भनेर भन्नका निम्ति आज प्रधानमन्त्री माथि प्रधानमन्त्रीमाथि जुन आक्रमण भयो। अनि प्रतिपक्ष दल हो भनेर भनिराख्छ। मलाई अनौठो लाग्छ। त्यसैले आरोप लगाउँदा खेरि पनि सत्य तथ्यमा त टेक्नुपर्छ होला नि त। हो सत्तालाई खबरदारी गर्न पाइन्छ, सत्तालाई प्रश्न गर्न पाइन्छ, मन्त्रीहरूलाई प्रश्न गर्न पाइन्छ, मन्त्रीहरूलाई खबरदारी गर्न पाइन्छ। तर यस्तो खालको भ्रम फैलाउन पाइँदैन। हिजो पशुपतिको जलहरीमा सुन भनेर पित्तलको जलहरी बनाइयो भनेर भन्दै गर्दाखेरि छानवीन हुँदा त्यसले सत्य तथ्यले के भन्यो? अनि यस्ता कुरा भ्रम फैलाउने काम त हामीले पनि गरेका छौ नि त। अनि यो बितृष्णा जगाउने काम हामीले पनि गरेका छौ नि त। त्यसैले समीक्षा त हामीले पनि गर्न पऱ्यो नि। म यो कुरा अनुरोध गर्न चाहन्छु। अब जहाँसम्म राजतन्त्रको कुरा छ। हिजो इरानमा सत्ताच्युत हुँदै गर्दा अन्तिम राजाले, रेजा पहलवीले भनेका थिए। संसारमा अब पाँचवटा राजा रहन्छन्। त्यो पाँचवटा राजा भनेको यो चारवटा तासका राजा रहन्छन् र एउटा बेलायतका राजा रहन्छन्। त्यसैले अब नेपालमा पनि अब राजा आउँछन् हामी डराएको छैन। हामीले राजा आउँछन् भनेर विश्वास गरेको छैन। विश्वास गरेर यो कुरा गरिरहेको पनि होइन। तर तपाईंहरूले जे कुरा भन्दै हुनुहुन्छ

कस्तो राजा? को राजा? माननियज्यूहरूले भनिसक्नुभएको छ। इतिहास सम्झाई सक्नुभएको छ। जसले हत्याका शृंखलाहरू पढ्दै गर्दाखेरि हामीले हिजोका राजतन्त्रको इतिहास पढ्दाखेरि त्यहाँ भएका हत्याका शृंखलाहरू पनि हामीले पढेका छौं नि त। चाहे १९०३ को असोजमा भएको कोत पर्व होस् चाहे १९०३ को कात्तिकमा भएको भण्डारखाल पर्व होस् चाहे १८५४ मा मारिएका बहादुर शाह होस् चाहे १८६३ मा मारिएका रणबहादुर शाह होस्। रणबहादुर शाह कसरी मारिए, बहादुर शाह कसरी मारिए? रण बहादुर शाहका कस्ता हर्कत थिए? कस्तो वितण्डा थिए राजाहरूका कस्ता कस्ता वितण्डाहरू थिए, हामीले इतिहासमा नपढेको हो र? अनि त्यही राजतन्त्र चाहिन्छ, त्यो राजतन्त्र अच्छा थियो। हिजो टुकी युगमा टुकी बालेर बस्नुपर्ने पढ्नुपर्ने त्यो खालको अवस्था थिएन र त्यो राजतन्त्रमा? विकासका कुरा गर्दै गर्दाखेरि आज ९७% जनताको घरमा जनतामा चाहिँ विद्युतको पहुँच पुगेको छ। खानेपानीको कुरा गरौं, साक्षरताको कुरा गरौ, प्रतिव्यक्ति आयको कुरा गरौं, उत्पादन उत्पादकत्वको कुरा गरौ, इतिहासले के भन्छ? अनि राजतन्त्र अच्छा थियो? राजतन्त्र एकदमै विकास भएको थियो? स्वर्ण युग थियो? त्यसैले आज त सबै बिग्र्यो, भ्रष्टाचारै, भ्रष्टाचार भयो। सात हजार किलोमिटर बाटो थियो हिजो, आज एक लाख आठ हजार किलोमिटर बाटो छ। हिजो साक्षरताको दरको कुरा गर्ने हो भने हिंजो साक्षरताको प्रतिशतको कुरा गर्ने हो भने हिंजो ३३% थियो। आज ७६% मान्छे साक्षर छन्। त्यसैले केही भएन हिजो राम्रो थियो युग यस्तो युग हामीले किमार्थ पनि स्वीकार गर्दैनौं। विकासको दृष्टिकोणले पनि त्यो कालो युग थियो। अनि त्यो रक्त वंशको शासनको राजा ल्याउने हामीले देखेनौ र? हामीलाई देख्यौ नि ०५८ साल जेठ १९ को घटना हामीले देखेनौं? एउटा वंशलाई छानी छानी हान्ने गोली कस्तो हुन्छ सबै सत्यानाश गर्ने गोली कस्तो हुन्छ एउटा वंश चाहिँ सलक्कै राख्दिने त्यो गोली कस्तो हुन्छ त्यो देखेनौं र हामीले। अनि त्यही राजतन्त्र चाहिन्छ? कस्ता छन् राजाका छोराहरू? अनि राजाको जेठो छोरो भए पछाडी हुन्छ। देशको अभिभावक हुन्छ। राष्ट्रको प्रमुख हुन्छ। त्यस्तो कालो इतिहास किमार्थ नेपाली जनताले स्वीकार्दैनन्। जहाँसम्म विदेश गए हामीले त त्यो पनि पढेका छैनौ त त्यो तथ्याङ्क आज हिजो आज एउटा तथ्यांक सार्वजनिक भएको छ। माइग्रेसनको अवस्था नेपालमा मात्र होइन। अरु देशमा पनि हुँदो रहेछ नि। अरु देशमा पनि विदेश त जाँदा रहेछन् ग्लोबलाईजेशनको युग हो। त्यही इन्डियामा १७ मिलियन भन्दा बढी विदेशमा गएका छन्। चाइनामा १० मिलियन भन्दा बढी विदेशमा गएका छन् । रसियामा १० मिलियन भन्दा बढी विदेशमा गएका छन्। अनि विदेशमा जाने कुरा जान्छन् तर तर हामीले कामना गर्ने कुरा के हो भने हामीले वातावरण बनाउने कुरा के हो भने विदेशमा जानेहरूलाई उनीहरूको सीप, उनीहरूको दक्षता, उनीहरूले प्राप्त गरेको योग्यता, उनीहरूको क्षमता नेपालले उपयोग अधिकतम रुपमा गर्न पाओस् र उनीहरूलाई फर्किने वातावरण सिर्जना गर्न सकौ र लगानीको वातावरण सिर्जना गर्न सकौं हामीले निर्माण गर्ने परिस्थिति यो हो। त्यसैले हिंजो त विदेशै गएका थिएनन्। विश्व युद्धमा पहिलोपटक ५० हजार नेपाली मारिएका, विदेशका निम्ति मारिएका, दोस्रो

पटक ६० हजार नेपालका छोरा छोरीहरू मारिएका, त्यस्तो इतिहास हामीले पढेका छैनौं र? अनि आज सबै देशै रित्तो बनाएर विदेश गए। हो हामी संवेदनशील हुनुपर्छ। नेपाललाई राम्रो बनाउनुपर्छ। म त भन्छु- मैले यो अस्ति नै पनि पहिले पनि भनेको थिएँ अब साँच्चै नेपाल बनाउन दुइटा कुरामा संवेदनशील एकदम धेरै कुरा छ। तर शिक्षा र स्वास्थ्यलाई निशुल्क बनाउने कुरामा सरकारको ध्यान जानैपर्छ। गुणस्तरीय शिक्षा र स्वास्थ्य। आज म बिरामी भए भने मेरो परिवार बिरामी भयो भने मसँग आश्रित हुने बिरामी भयो भने नेपालले बचाउन सक्छ भन्ने ग्यारेन्टी नेपाली जनतालाई हुनुपर्छ, त्यो विश्वास दिलाउनुपर्छ। अब हामीले त्यो कुरा शिक्षा नेपालले गुणस्तरीय शिक्षा दिन्छ भन्ने त्यो विश्वास नेपालका युवाहरूलाई दिलाउनुपर्छ। यही कुरा राखेर म बिदा हुन्छु। धन्यवाद।

(१४:५८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब कार्यसूचीमा मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरूको उत्तर दिने कार्यक्रम सुरु हुन्छ। माननीय सदस्यहरू माननीय मन्त्रीले उत्तर दिनुभएपछि प्रश्नकर्ता माननीय सदस्यले चाहेमा आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही एक मिनेट भित्र पूरक प्रश्न सोध्न सक्नु हुने व्यहोरा समेत जानकारी गराउँछु। माननीय सदस्यहरू अब ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित प्रश्न, उत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्कालाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्टममा आउन आग्रह गर्दछु।

माननीय सस्यहरू अब प्रश्नकर्ता माननीय सदस्य भुवन बहादुर सुनारलाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:५९ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यूलाई मेरो यस प्रकारको प्रश्न छ- नेपालको कृषि मनसुनमा निर्भर हुनु दुःखद् छ। जलस्रोतको धनी देशको कृषिभूमि सुख्खा छ। बाह्रै महिना खेती हुँदैन। हाम्रो सिँचाइ योग्य जमिन कति हेक्टर छ? हालसम्म कति हेक्टरमा सिचाई भइरहेको छ। स्पष्ट पार्दिनुहुन्छ कि मन्त्रीज्यू। धन्यवाद।

(१४:५९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय मन्त्रीज्यू।

(१४:५९ बजे) **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री दिपक खड्का**:- धन्यवाद, सम्माननीय अध्यक्षज्यू, समयका लागि धन्यवाद। माननीयज्यूले प्रश्न गर्नुभएको छ। सम्मानित राष्ट्रिय सभा सदनमा यी विषयहरू जानकारी गराउन पाउँदा खुसी व्यक्त गर्न चाहन्छु। नेपालको कृषि मनसुन निर्भर हुनु दुःखद छ। जलस्रोतको धनि देश कृषि भूमि सुख्खा छ। बाह्रै महिना खेती हुँदैन। हाम्रो सिँचाइ योग्य जमिन कति हेक्टर छ? हालसम्म कति हेक्टरमा सिचाई भएको छ? भन्ने कुरा माननीयज्यूले प्रश्नका रूपमा राख्नुभएको छ। यस सम्मानित सदनमा उपस्थित भएको छु। प्रश्नकर्ता माननीयज्यूलाई पनि धन्यवाद दिन चाहन्छु। नेपालको कृषि मनसुनमा निर्भर हुनु दुःखद् छ। जलस्रोतको धनी देशको कृषिभूमि सुख्खा छ। बाह्रै महिना खेती हुँदैन। हाम्रो सिँचाइ योग्य जमिन कति हेक्टर छ? हामीले थाहा पाइराख्न राम्रै विषय हो भन्ने मलाई पनि लाग्छ। नेपालको कृषि प्रणाली लामो समयदेखि मनसुन आधारित रहँदै आएको जसले कृषिजन्य उत्पादन, मौसमी अनियमितता र जलवायु परिवर्तनको अवसर पर्ने गरेको यथार्थलाई नकार्न सकिन्न। नेपालको विशाल जलस्रोत क्षमता हुँदा हुँदै पनि उपलब्ध जलस्रोत पूर्णरुपमा उपयोग नहुँदा कृषि उत्पादनमा प्रतिकूल प्रभाव परिरहेको छ तथापि सरकारले सिँचाई पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिँदै कृषि क्षेत्रको रूपान्तरण तथा दिगो विकासका लागि ठोस योजनाहरू अगाडि बढाइराखेको कुरा म निवेदन गर्न चाहन्छु। नेपालको सिन्चाई भूमि र हालसम्मको प्रगति सिन्चाई गुरु योजनामा उल्लेख भए बमोजिम २५ लाख ३६ हजार ३१९ हेक्टर क्षेत्रफल सिँचाईयोग्य रहेको कुरा म निवेदन गर्न चाहन्छु। तराई क्षेत्रमा १४ लाख ९९ हजार १७६ हेक्टर चाहिँ हो भने पहाडी क्षेत्रमा ८ लाख ३६ हजार ११७ हेक्टर चाहिँ सिंचाई गर्नुपर्ने क्षेत्र हामीहरूले निक्यौंल गरेका छौं। हिमाली क्षेत्रमा २ लाख ५२६ हेक्टर रहेको छ। चालु आर्थिक वर्ष २०८१ को पौष मसान्तसम्म कूल सिँचाईयोग्य जमिनमध्ये १५ लाख ७३ हजार ५६९ हेक्टर क्षेत्रफलमा विभिन्न माध्यमबाट सिंचाई पूर्वाधारको विकास भइरहेको छ जसमा सतह सिंचाई १० लाख २९ हजार १५ हेक्टर भूमिगत सिंचाई ५ लाख ४० हजार ८ सय हेक्टर र लिफ्टबाट जलाशय ३ हजार ८ सय ६४ हेक्टर छ। तसर्थ, अझै करिब ९ लाख ६२ हजार ७५० हेक्टर जमिन चाहिँ सिंचाई गर्नुपर्ने आवश्यकता छ। र यसलाई हामीहरूले क्रमागत रुपमा सिंचाई गर्दै लाने योजना बनाएका छौं। अहिले माननीयज्यूहरूलाई थाहै छ। सम्माननीय अध्यक्षज्यू, हामीहरूले जलवायु परिवर्तनको असरका कारण विभिन्न मोडालिटीमा परिवर्तन गर्नुपर्नेछ। पानीहरूलाई रिचार्ज गर्नुपर्ने, वर्षा यामको पानीलाई सुरक्षित गरेर हिउँदमा त्यसको सदुपयोग गर्दै जानुपर्ने र अहिले हामी यसका विषयमा कानुन पनि निर्माण गरिराखेका छौं। जलस्रोत ऐन पनि बनाउँदैछौं। त्यसकारणले यस क्षेत्रमा जुन असर परिराख्याछ। जलवायु परिवर्तनका हिसाबले त्यसलाई मध्यनजर राखेर नेपाल सरकारले यस मन्त्रालयले काम गरिराखेको कुरा म निवेदन गर्न चाहन्छु। केही छ कि?

(१५:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू प्रश्नकर्ता माननीय सदस्यले पूरक प्रश्न सोध्न चाहनु भएकोले विषयमा केन्द्रित भई पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:०३ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- माननीय मन्त्रीज्यूबाट सरल र स्पष्ट जवाफ पाएकोमा आभार व्यक्त गर्दछु। र मेरो पूरक प्रश्न यसप्रकार छ- सिंचाई पूर्वाधारको विकास भएको मात्र हो कि बाह्रै महिना खेतबारीमा पानी पठाइएको हो। २५ लाख हेक्टर जमिन मध्य कतिमा सिँचाइ सुविधा भएपछि कृषिमा आत्मनिर्भर हुन सक्छ? मन्त्रालयले यसबारेमा अध्ययन अनुसन्धान गरेको छ? हवस् धन्यवाद।

(१५:०४ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय मन्त्रीज्यू।

(१५:०४ बजे) **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री दिपक खड्का**ः- धन्यवाद, सम्माननीय अध्यक्षज्यू, यो पूर्णरूपले यसको अध्ययन अनुसन्धान मन्त्रालय गरेरै यसको डाटाहरू चाहिँ प्रस्तुत गरिएको हो। २५ लाख हेक्टर पूरै नै सिञ्चित भइसकिसकेपछि हाम्रा उत्पादनहरूले हामीलाई परिपूर्ति हाम्रो आवश्यकताहरू परिपूर्ति गर्छ जसले गर्दाखेरि हामीहरूले आयात गरिरहनु पर्दैन भन्ने विश्वास छ। अहिले हामीहरूले सिन्चित जुन १५ लाख ७३ हजार ५ सय ७९ भन्या छौं। यो बाह्रै महिना सिन्चितै हुने हो र अरु सिञ्चित हुनुपर्ने आवश्यकतालाई महसुस गरेर अहिले रिजर्भ वायरमार्फत ठुलठुला आयोजनाहरू राष्ट्रिय गौरवका आयोजना बनेका छन् तिनीहरूलाई सञ्चालन गरिँदैछ। यसको निर्माण भइसकिसकेपछि यो शत प्रतिशत जब हामीले जुन तय गरेका अध्ययनअनुसन्धान गरेको क्षेत्रफल छ सत प्रतिशत सिंचित हुने कुरा म निवेदन गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, यहाँ केही कुराहरू पनि उठिहाल्यो। थोरै अलिकति समय प्राप्त भयो भने म यसलाई पनि प्रष्ट पार्ने अनुमति चाहन्छु। माननीयज्यूका प्रश्नको उत्तर पश्चात् यहाँ मैले माननीयज्यूहरूका धेरै कुराहरू पनि सुन्न पाएँ। प्रश्नकै रूपमा केही समय यता मैले सम्हाल्दै गरेको मन्त्रालयमा केही प्रश्नहरू हामी सबै माननीयहरूले र जनताले बुझ्नुपर्ने आवश्यकता छ। सम्माननीय प्रधानमन्त्रीज्यूले संसदमै हामीले जलस्रोतको धनी देश विद्युतलाई आन्तरिक खपत आत्मनिर्भर गर्दै आय आर्जनको मुख्य रूप बनाउन सक्छौं भन्ने विश्वासका साथ अहिले अबका १० वर्षको लक्ष्य तय गऱ्याछ। अबका दश वर्षमा हामीहरूले २८,५०० मेगावाट पुऱ्याउने साढे

१३ हजार मेगावाट आन्तरिक खपत हुने र १५ हजार मेगावाट भारत बङ्गलादेश लगायतका देशहरूमा बिक्री गर्ने जुन सम्झौता पनि भारतसँग गरिसक्याछ। बंगलादेशमा ४० मेगावाटको निर्यातै गरिसक्यौं। त्यहाँको आवश्यकता अझै छ। त्यस आवश्यकतालाई मध्यनजर राखेर क्याबिनेटले निर्णय गरेर यसलाई कार्यान्वयनमा लाँदै गर्दा सम्माननीय प्रधानमन्त्रीज्यूले संसदमा व्यक्त गर्नुभएको अभिव्यक्ति प्राधिकरण हो यसको मुख्य काम गर्ने हाम्रो instrument र प्राधिकरणले सहि ढंगले काम गर्न सक्याछैन र यहाँ एकातिर नोक्सानी छ अर्कातिर नाफा भनिया छ। यसको तथ्य के हो ? डेडिकेटेड लाइनका कुराहरू थिए, ट्रंकलाइनका कुरा थिए, महशुल उठाउन सकिया छैन भन्ने प्रसंगमा कुरा राखिसकेपछि हामीहरूले अलिकति मसिनै गरेर अध्ययन गर्ने काम भयो म संक्षिप्तमा निवेदन गर्न चाहन्छु, मैले समयको पावन्दी पनि बुझें। अहिले म निवेदन गर्न चाहन्छु। हामी खाली साढे सात महिना जति भयो सरकारमा बसेको। जनताका निराशाका कुरा गऱ्यौं, माननीयज्यूहरू आफैले प्रश्न गर्नुभयो आफैले उत्तर पनि दिनुभएको छ। साढे सात महिना यता बस्दा फरक हुने, साढे सात महिना उता बस्दा फरक हुने भन्ने रहन्न। चमत्कार त गर्न सकिँदैन साढे सात महिना। तर यथार्थ के हो भन्ने कुरा चाहिँ भन्न सकिन्छ। यथार्थ कुरा चाहिँ  आत्मसाथ गर्नुपर्छ र यथार्थ हामी सबैले भनिदियौं भने जनताले पनि त्यही बुझ्ने हो। त्यसो भयो भने यो निराशा भनिएको, आलोचना भएका कुराहरू चाहिँ हामीहरूले सुनिरहनु पर्दैन भन्ने म विश्वास राख्न चाहन्छु। विद्युत् प्राधिकरणमा अस्ति भर्खरै म एकजना माननीयज्यूको नामै पनि कोड गर्दा फरक पर्दैन भन्ने मलाई लाग्छ। प्रतिपक्षमा हुनुहुन्छ अहिले माननीय अमनलाल मोदी।  केही महिना अगाडि सरकारमा रहँदै विद्युत प्राधिकरणका एमडी सबभन्दा भ्रष्ट हुन् भन्नुभयो। अस्ति भर्खरै संसदमै यो रेकर्डको कुरा उहाँको कुरा है मेरो कुरा हैन। उहाँ आफै के भन्दै हुनुहुन्छ- अब उज्यालोको नायक भन्न थाल्नु भो। यस्तै यस्तै थुप्रै प्रश्नहरू सुनिसकेपछि, उत्तरहरू सुनिसकेपछि मैले यसमा अध्ययन गर्दा के पाएको भने पाएको हो कुरा मात्रै निवेदन गर्न खोजे को मैले खालि। हामीसँग ३५०० मेगावाट विद्युत् छ। हिउँदमा १००० मेगावाटको हाराहारीमा आउँछ। ३५०० मेगावाट विद्युत् हुँदा पनि हामीले उद्योगधन्दाहरूलाई राम्ररी रातीको विद्युत् दिन सकिराखेको अवस्था छैन। त्यो ३५०० मेगावाटमा विद्युत् प्राधिकरणले जो सरकारको १००% लगानी छ। त्यसले ७०० मेगावाट मात्रै उत्पादन गऱ्याछ। २८०० मेगावाट निजी क्षेत्रले उत्पादन गरेको छ। अहिले हामीलाई बत्ती पुग्याछैन। लोडसेडिङ छ। हिँजो पनि थियो, आज पनि छ। हामीले लोडसेडिङ छैन भनेर घोषणा गर्दागर्दै पनि लोडसेडिङ थियो, छ। म दाबीका साथ भन्न सक्छु। खालि के गरियाथ्यो भने घरमा बत्ती दिने काम गरियाथ्यो, उद्योगधन्दातिर कटौती गरियाथ्यो। आज पनि त्यही छ। अहिले भर्खरै म यहाँ बसेर कुरा गर्दै गर्दा ८३० मेगावाट विद्युत भारतबाट आयात भइराखेको छ अहिले

भर्खरै। हामीसँग पुग नपुग हजार मेगावाट विद्युत छ। अहिले साँझमा अब लोडसेडिङ घरमै पनि हुने अवस्था छ।त्यसो भएको कारणले एउटा निजी क्षेत्र, एउटा भारतबाट आयात गरेको र यसले गर्दा हाम्रो केही लोडसेडिङ हटाए जस्तो अनुभूति भएको छ। त्यसकारणले उज्यालोको नायक भनेको उहाँ हैन है, बरु यो धन्यवाद भारत सरकारलाई दिउँ, निजी क्षेत्रलाई दिउँ, जसले उत्पादन गरेको छ, जसले हाम्रो आवश्यकता परिपूर्ति गरिदिएको छ त्यता गरौन भन्ने निवेदन गर्न मात्रै चाहेको यो यथार्थ हो। र अहिले यहाँको आम्दानी एकदम नाफाजनक छ। यति अर्ब चाहिँ आम्दानी छ। भनेर दाबी गरिराखेको कुरा म बोर्डकै अध्यक्ष भएका कारणले यहाँ DDA गरौं न त, के हो त, प्रश्न त बाझियो नि त। बाहिर मान्छेको बुझाइ एक छ, विद्वानहरूको एक छ। महालेखा भन्छ साढे २ खर्ब घाटा छ, प्रतिवेदनले भन्या मैले भन्या हैन फेरि, महालेखाको हजुरहरू सबैले हेर्न सक्नुहुन्छ। अनि यता प्राधिकरण नाफा छ भनिन्छ। यो हैन है सत्यता छैन है यसमा अझ डीडीए गरेर प्रष्ट भनौं न जनतालाई कोशिस मात्र गर्‍या हो मैले। त्यसो भएको कारणले अहिले पनि आज पनि हिँजो पनि एउटा समाचार सम्प्रेषण भाछ हजुरहरूले हेर्नु भयो होला। एउटा कम्पनीले काम गरेको चमेलियामा ८५ करोड रुपैयाँ प्राप्त गर्नुपर्ने थियो। न्यायाधिकरणले यो पैसा तिर भनेर छिनोफानो गरिदियो। नतिरेको कारणले १ अर्ब ५९ करोड रुपैयाँ पुग्यो। ब्याज, पेनाल्टी के के लाग्यो। सम्मानित अदालतले मुद्दा गएपछि सम्मानित अदालतले निर्णय गर्‍यो प्राधिकरणको सबै खाताहरू रोक्का गरेको रहेछ। अस्तिको दिन मात्रै म बोर्डको बैठक बोलाएँ। त्यो कुरा भन्दै भनिँदैन। थाहै छैन। मन्त्रालय बेखबर छ। मन्त्रालयमा कुनै कागजातै छैनन्। त्यो कुरा यो सरकारको १००% स्वामित्व भएको कम्पनीको प्राधिकरणको सबै कागजातहरू मन्त्रालयमा हुनुपर्छ। यो कागज दिनुपर्छ भनेर लिखित पठाइयो त्यही माग्या मात्रै हो। कसैका प्रति मलाई केही भन्नु छैन तर दायित्वमा छु। पार्टीले सरकारमा पठाएको छ, जनताले माननीय बनाएर पठाएको छ। मेरो दायित्व बन्छ नि त यथार्थ कुरा बाहिर ल्याइदिने। यसमा सुधार गर्न सकिन्छ। यो मुख्य आधार हो पेश गरिराख्याछ। तर यथार्थ कुरा भन्दा भन्दै पनि यथार्थ कुरा हो कि होइन भन्ने कुरातिर खोजी छानबिन गर्न नचाहेर आरोप प्रत्यारोपमा माननीयज्यूहरू नै लाग्दाखेरि जनताले बाँकी के बुझ्ने होला भन्ने चिन्ता मात्र लागेको हो। यसका कुरा त गर्दै गरौंला। मैले खालि आज राष्ट्रियसभामा सम्मानित सदनमा आइसकेपछि र केही माननीयज्यूहरूले पनि फेरी अलि प्रष्ट पार्दिनु न भनेका कारणले मैले संक्षिप्त कुरा मात्रै गर्न चाहेको म धेरै कुरा यस पछाडी छानबिन गरेर म सम्मानित सदनमा फेरि पूर्ण डिटेल भन्दिने गरि आउने कुरा अनुरोध गर्दै यो बेथिति रोक्न सबैको दायित्व हो। यहाँ भगवान कोही हुन्नन्। सबै मिलेर गर्ने हो। त्यति कुरा आग्रह गर्न चाहेको, अहिले यति नै कुरा राख्न चाहैं। सम्माननीय

अध्यक्षज्यूले समय दिनुभयो, यसका लागि धन्यवाद छ। प्रश्नकर्ता माननीयज्यूलाई पनि धन्यवाद छ। मैले आफ्ना कुराहरू राख्ने समय पाएँ। हस्त, धन्यवाद। नमस्कार।

(१५:१४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू अब वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय वन तथा वातावरण मन्त्री ऐन बहादुर शाही ठकुरीलाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्टममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरू, अब म प्रश्नकर्ता माननीय सदस्य भुवन बहादुर सुनारलाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:१५ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यूलाई मेरो प्रश्न यसप्रकार छ- नेपालको दुर्दशा नै भनौं युवाशक्ति विदेश पलायन, भएका जग्गा जमिन बाँझो हुँदै जानु, प्राकृतिक प्रकोप, जलवायु परिवर्तनका कारण ठूलठूला विपद प्रत्यक्ष भोग्न जनता बाध्य छन् जंगल तथा झाडी बढ्दा वर्षामा सकस, हिउँदमा आगजनी, वन्यजन्तु र मानव बीच द्वन्द जस्ता समस्या समाधानका लागि मन्त्रीज्यूको के योजना छ?

(१५:१६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय मन्त्रीज्यू।

(१५:१६ बजे) <u>माननीय वन तथा वातावरण मन्त्री श्री ऐन बहादुर शाही ठकुरी</u>:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम प्रश्नकर्ता माननीयज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। माननीयज्यूले राख्नुभएको प्रश्न र जिज्ञासाको म यहाँ उत्तर दिने अनुमति चाहन्छु। माननीयज्यूको जुन जिज्ञासा छ र कोइसन छ, यसलाई म यसप्रकार राख्न चाहन्छु। वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरूका माध्यमबाट चालु आर्थिक वर्षमा ४० हजार जनाको रोजगारी सिर्जना हुने र जसबाट युवाशक्तिको विदेश पलायन कम गर्न सहयोग मिल्ने अनुमान गरिएको छ। साथै यो विषय अन्य मन्त्रालयसँग सम्बन्धित पनि रहेको अवस्था छ। अर्को राष्ट्रपति चुरे संरक्षण विकास कार्यक्रम, जलवायु उत्थानशील चुरे कार्यक्रम र जलाधारमा

आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना र गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना लगायत मार्फत भिरालो जग्गामा बहुवर्षीय फलफूल लगायतका खेतीहरू निजी जग्गामा कृषि, वन प्रवर्धन र फलफूलका बिरुवा रोपण गरी फलफूल खेतीलाई विस्तार गरी कृषि उत्पादन तथा फलफूल खेती प्रवर्धन गर्ने तथा खाली जग्गामा बाँस, अम्रिशो र अन्य बिरुवाहरू रोपण तथा व्यवस्थापन गरी मौजुदा बाँझो जग्गाहरूलाई उत्पादनसँग जोड्ने कार्यक्रम पनि रहेको छ। यसैगरी जलवायु परिवर्तन समेतका कारणले निम्त्याउने प्राकृतिक विपद जोखिम न्यूनीकरणका लागि नदी तथा खोला किनारमा स्तरीकरण, व्यवस्थापन, गल्छी, पहिरो, खहरे रोकथाम क्षतिग्रस्त भूमिमा तारबारसहित वृक्षारोपण गरी जग्गा व्यवस्थापन, तटबन्धन निर्माण, सिँचाइ, कुलो निर्माण तथा व्यवस्थापन गर्ने खालका जलवायु परिवर्तन न्यूनीकरण तथा प्राकृतिक प्रकोप नियन्त्रणका लागि कार्यक्रमहरू कार्यान्वयनको क्रममा रहेका छन्। यसैगरी वन क्षेत्रलाई उत्पादनशील वनमा रूपान्तरण गर्नका लागि दिगो वन व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन गरिएको छ। खाली जग्गामा तारबारसहित वृक्षारोपण यसैगरी वन, डढेलो व्यवस्थापनका लागि नेपाली सेनाको सहयोग र समन्वयमा सशस्त्र वन रक्षक एवं स्थानीय समुदायमार्फत परिचालन गरी स्थानीय समुदायलाई समेत परिचालन गरी वन डढेलो नियन्त्रणको कार्य भइरहेको छ। साथै वन तथा भूसंरक्षण विभागको संयोजनमा फरेस्ट फायर डिटेक्सन एन्ड मोनिटरिङ सिस्टमबाट वन डढेलो सम्बन्धी सूचना प्रवाह पनि भइरहेको छ। मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका सम्बन्धमा मानव वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यस्थापनका लागि सोलार तथा विद्युतीय फेन्स निर्माण आरसीसी वा निर्माण पानीपोखरी निर्माण घाँसे मैदान निर्माण तथा व्यवस्थापनका कार्यहरू गरिरहेको छ। यसैगरी वैकल्पिक खेती प्रवर्धन एवम् सचेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन गरिँदै आएका छन्। यसै गरी वन्यजन्तुबाट क्षति हुने राहत सहयोगबापत विगत ५ वर्षको अवधिमा ६४ करोड ६० लाख रूपैया बराबरको रकम वितरण भएको छ। यो क्रम निरन्तर चलि नै रहेको छ। यसैगरी समस्या उत्पन्न गराउने जनावरहरूलाई नियन्त्रण गरी खोरमा राख्ने व्यवस्था गरिएको छ। बाँदर र बँदेललाई कृषि हानिकारक वन्यजन्तुको रूपमा घोषणा गरी क्षति न्यूनीकरण गर्ने उपाय खोजी गरिएको छ। यसैगरी प्रभावित मध्यवर्ती क्षेत्रका युवा महिला लगायतका लागि जिविकोपार्जन सम्बन्धी होमस्टे प्रवर्द्धन, नेचरगाइड तालिम, सुधारिएको बाख्राको खोर वितरण, कुक तालिम, माछापालन सहयोग लगायतका विभिन्न आय आर्जन तथा सीप विकासका कार्यक्रमहरू समावेश गरी मध्यवर्ती क्षेत्र व्यवस्थापन हुँदै आएको व्यहोरा म अनुरोध गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय मैले माननीयज्यूको प्रश्नको उत्तर मैले यति नै राखें। अरू थप के जिज्ञासा भए म थप प्रष्ट पार्नेछु।

(१५:२१ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्यले पूरक प्रश्न सोध्न चाहनुभएकोले विषयमा केन्द्रित भई पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:२१ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्षज्यू, यसरी प्रत्यक्ष संवाद गर्ने व्यवस्था मिलाइ दिएकोमा संसद सचिवालयलाई धन्यवाद दिँदै म पूरक प्रश्न गर्दछु। माननीय मन्त्रीज्यू, वन क्षेत्र मध्यवर्ती क्षेत्र वरिपरिका जनताले वन्यजन्तुबाट बेसरी पीडित हुनुपरेको छ। ज्यानै जोखिममा छ। पटक पटकको विपद् जोखिमबाट जनता आक्रान्त छन् तर सरकारले समयमा राहत, क्षतिपूर्ति पनि नदिँदा झनै पीडित भएका छन्, आदि निरकारण गर्न वैकल्पिक कार्यक्रम ल्याउन सकिँदैन? जनता सकसबाट मुक्त हुन दिगो समाधान गर्न नयाँ प्रविधि के के हुन सक्छन? मन्त्रीज्यूसँग जवाफ चाहन्छु।

(१५:२२ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय मन्त्रीज्यू।

(१५:२२ बजे) <u>माननीय वन तथा वातावरण मन्त्री श्री ऐन बहादुर शाही ठकुरी</u>ः- फेरि पनि माननीयज्यूलाई धन्यवाद। अघि पनि हामीले चर्चा गर्‍यौं कि मानव वन्यजन्तु द्वन्द्वको यो समस्या विकराल बन्दै गइरहेको छ। यसलाई व्यवस्थित गर्न र न्यूनीकरण गर्नका लागि वन तथा वातावरण मन्त्रालयले विभिन्न कोणबाट यसलाई प्रयास गरिरहेको छ र आगामी दिनहरूमा वन्यजन्तुहरूलाई वनमै रहने र मानवलाई बाहिरै त्यो मध्यवर्ती क्षेत्र या राष्ट्रिय निकुञ्जको त्यो आ-आफ्नो एउटा एरिया छ। त्यसैमा सुरक्षित राख्नका लागि आवश्यक कार्यहरू हामी आगामी वर्षको ल्याउने तयारी गरिरहेका छौं । विपद्जन्य प्रकोपबाट नेपालले धेरै धनजनको क्षति बेहोर्नु परेको कुरामा हामी सबै जानकार नै छौं। यसलाई न्यूनीकरण गर्ने र थप व्यवस्थित र व्यवस्थापन गर्नका लागि नेपाल सरकारले थप कार्यक्रमहरू ल्याउने कुरा म जानकारी गराउँदै आगामी दिनहरूमा माननीयज्यूहरूले उठाउनुभएका कुराहरूलाई नेपाल सरकारका मन्त्रालयहरूले आ-आफ्नो तर्फबाट प्रयास गरिरहेको कुरा र म विशेषगरी वन तथा वातावरण मन्त्रालयले अहिलेसम्म सम्बन्धित कुराहरूमा आवश्यक व्यवस्थापनका कार्यहरू गर्दै जाने कुरा म अनुरोध गर्न चाहन्छु।

(१५:२३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- अब माननीय मन्त्रीज्यूलाई आसन ग्रहणको लागि अनुरोध गर्दछु।

(१५:२३ बजे) <u>माननीय वन तथा वातावरण मन्त्री श्री ऐन बहादुर शाही ठकुरीः</u>- धन्यवाद।

(१५:२३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणिकरण सम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब उक्त पत्रको व्यहोरा जानकारी गराउँछु।

विषयः- <u>विधेयकहरू प्रमाणिकरण गरी पठाएको</u>।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणिकरण भएको देहायका विधेयकहरूको प्रमाणिकृत प्रति थान १/१ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु।

| क्र.स. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१२/०३ |
| २. | विद्युतीय व्यापार (इ-कमर्स) को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/०३ |
| ३. | विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/०३ |
| ४. | भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१२/०३ |

डा.रामप्रसाद घिमिरे

सचिव

२०८२ चैत्र ३

मानननीय सदस्यहरू, अब राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ र सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरू सभा समक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१५:२५ बजे) राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याल:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट पारित भएका विधेयकका सम्बन्धमा सन्देशहरू प्राप्त भएका छन्। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा निमावली, २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देशहरू सभा समक्ष जानकारी गराउँछु। पहिलो सन्देश-

श्री सचिव,

राष्ट्रिय सभा।

विषयः- सन्देशसहित विधेयक पठाइएको।

प्रतिनिधिसभामा उत्पत्ति भएको सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ लाई सम्वत् २०८१ साल ४ गते सोमबार बसेको प्रतिनिधिसभाको बैठकले संशोधनसहित पारित गरेकाले २०७९ को नियम १२७ को उपनियम (१) बमोजिम सन्देश सहित उक्त विधेयक पठाइएको व्यहोरा अनुरोध गर्दछु।

हर्कराज राई

सचिव

२०८१।१२।४

दोस्रो सन्देश -

श्री सचिव,

राष्ट्रिय सभा।

विषयः- सन्देशसहित विधेयक पठाइएको।

प्रतिनिधिसभामा उत्पत्ति भएको सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ लाई सम्वत् २०८१ साल चैत ४ गते सोमबार बसेको प्रतिनिधिसभाको बैठकले प्रस्तुत रूपमा संशोधन बिना पारित गरेकोले प्रतिनिधिसभा नियमावली २०७९ को नियम १२७ को उपनियम(१) बमोजिम सन्देश सहित उक्त विधेयक पठाइएको व्यहोरा अनुरोध गर्दछु।

हर्कराज राई

सचिव

२०८१।१२। ४

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देशहरू यस सम्मानित सभा समक्ष टेबल गर्दछु। धन्यवाद।

(१५:२७ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित प्रतिनिधि

सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० माथि छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:२८ बजे) <u>माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० माथि छलफल गरियोस्” भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु धन्यवाद।

(१५:२८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन। तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि छलफल गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८०” माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू र आनुषङ्गिक अन्य दफाहरूमा मात्र फलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम २ मिनेटभित्र अध्यक्षको

ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

(१५:३० बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामी यो बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० सम्बन्धी प्रतिवेदनमाथि छलफल गरिराखेका छौं।यो विधेयक मूल र मौलिक विधेयक होइन। यो संशोधन विधेयक हो। त्यसैले मूल विधेयक बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, ऐनको सम्बन्धमा यो विधेयक आएको छ। मूल विधेयकमा जुन कमी कमजोरीहरू थिए। जुन अपुग नपुगहरू थिए। त्यसलाई मध्यनजर गरेर यो संशोधन विधेयक आएको छ। यसको हामीले दफा दफामा हामीले छलफल गर्यौं। यसो गर्दाखेरि त्यो मूल विधेयक मूल ऐनमा जुन कमजोरीहरू थिए त्यो सच्याएर आएको छ। जस्तै चेक काटिएको भन्ने थियो। चेक काटिएको भन्दा सामान्य बोलिचालीमा त ठिकै हो तर औपचारिक रूपमा अलिकति भन्दा खेरि चेक काट्ने केले काट्ने कसरी काट्ने भन्ने जस्तो कुराहरू पनि हुन्थ्यो होला। त्यसलाई सच्याएर अहिले के छ त भन्दा खेरि जारी भएको छ भन्ने आएको छ। यसैगरी चेक इस्यू गर्ने मान्छेलाई सजिलो होस् भन्नका लागि ३० दिनको अवधि बढाएर ४५ दिनको जुन राखिएको छ। त्यो पनि ठिकै हो भन्नेचाहिँ लागेको छ र यो जुन संशोधन छ। मुलतः चेक अनादर चेक बाउन्समा चाहिँ केन्द्रित थियो। यो सम्बन्धमा मलाई के लाग्छ त भन्दा खेरि चेक अनादर भन्ने जुन शब्द थियो चेक अनादर। चेकको चाहिँ आदर हुने अनादर हुने भन्ने कुरा अलिकति रमाइलो नै लाग्दछ। मान्छेको पो आदर अनादर हुन्छ चेकको पनि के आदर अनादर। सबभन्दा पहिले जुन मान्छेले अनादर भन्ने शब्द राख्यो त्यसको अनुसन्धान गर्नुपर्छ भन्ने मलाई लाग्दछ। जे जे भएता पनि अनादर भन्ने जुन शब्द छ यो स्थापित भयो, यसतर्फ धेरै जान म चाहँदिन। तर भाषिक हिसाबले अनादर भन्ने कुरा चाहिँ त्यो बेठिक थियो भन्ने कुरा यहाँ पनि राख्न चाहन्छु। मैले विधायन समितिको बैठकमा पनि मैले राखेको थिएँ। किनकी चेकको त कि भुक्तानी हुन्छ, कि भुक्तानी हुँदैन। कि चेक फिर्ता हुन्छ, कि फिर्ता हुँदैन। चेकको आदर र अनादर त कहाँ हुन्छ? कसरी हुन्छ? त जे जे भएता पनि यो शब्द स्थापित भइसकेको छ। त्यही भएर यो शब्दलाई विस्थापित गर्नेतर्फ यता हामी नजाऔं। तर शायद मिल्छ भने त्यातर्फ पनि हामी जानुपर्छ होला। अन्त्यमा यो जुन विधेयक संशोधन विधेयक जुन आएको छ। बैङ्किङ्ग कसूर तथा सजाय ऐनलाई संशोधन गर्ने उद्देश्यले आएको यो विधेयक बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० यो सम्बन्धमा जुन प्रस्ताव हामीले ल्यायौं। दफावार छलफल गरेर

हामी सबैले सहमतिको साथ ल्याएको हुनाले अर्को मूल ऐनमा रहेका अपुग, नपुगहरूलाई पनि यसले संशोधन गरेको हुनाले यो ठिकै छ  भन्ने लागेको छ। यो परिभाषा अन्तर्गत जुन त्यो परिभाषालाई पनि यसले सच्याएको छ। त्यसैले यो विधेयक यो संशोधन विधेयक ठिकै हो भन्ने लागेको छ। धन्यवाद।

(१५:३३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य माया प्रसाद शर्मा।

(१५:३३ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, यो बैंकिङ कसूर तथा सजाय दोस्रो संशोधन विधेयक, २०८० विधायन समितिमा बहस, छलफल गरेर मूल ऐनका नमिलेका विषयहरू सम्बोधन गरेर आएको छ र यो सर्वसम्मत ढंगले आएको छ। यो अहिलेको आवश्यकतालाई पूर्ति गर्नका लागि यसले मद्दत गर्छ।र बहस, छलफलसँगै सबैको छलफल विषयवस्तुहरू जो पूर्ववक्ता माननीयज्यूले पनि उठाइराखुभएको छ कि त्यहाँ शब्द भाषिक विषयहरू, त्यसपछि त्यसका व्याख्याविश्लेषण गर्ने विषयहरू अहिलेको डिजिटल समयमा त्यसलाई सम्बोधन गर्ने विषयहरू लगायतका विषयहरूलाई सम्बोधन गरेर आएको कारणले यो विधेयकको स्वागत गर्छु। धन्यवाद दिन्छु। धन्यवाद।

(१५:३४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त बैङ्किङ कसुर तथा सजाय दोस्रो संशोधन विधेयक, २०८० माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब म विधेयक प्रस्तुतकर्ता माननीय उपप्रधान मन्त्री एवम् अर्थमन्त्री विष्णप्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:३५ बजे) **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलः-** सम्माननीय अध्यक्ष महोदय, विधायन व्यवस्थापन समिति प्रतिवेदनसहित यस सम्मानित सदनमा प्रस्तुत भएको बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकउपर

वक्ता माननीयज्यूहरूले व्यक्त गर्नुभएको विचारप्रति म हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। मूलतः माननीयज्यूहरूले यो प्रतिवेदनसहितको यो विधेयकलाई सही ठहऱ्याउनु भएको छ। सहमति जनाउनुभएको छ स्वागत गर्नुभएको छ। त्यस सम्बन्धमा धेरै भनिरहनुपर्ने केही कुरा भएन। अब जहाँसम्म यो समितिको छलफलमा सच्याइएका सन्दर्भहरूको स्मरण पनि गर्नुभयो। स्वभावैले समितिमा यस विषयमा गहन छलफल गरेर यो विधेयकलाई अरु संशोधन विधेयकलाई सम्पुष्ट गर्न माननीयज्यूहरूले गर्नुभएको योगदानको प्रति म धेरैधेरै आभार व्यक्त गर्न चाहन्छु। अब यो चेक बाउन्सलाई हामीले चाहिँ चेक अनादर भन्ने गरेका छौं। अब माननीयज्यूहरूले यथेष्ट छलफल गरेर यही पदावलीलाई निरन्तरता दिने जुन निश्कर्ष प्रस्तुत गर्नुभएको छ। त्यसका प्रति पनि म धन्यवाद नै भन्न चाहन्छु। धन्यवाद अध्यक्ष महोदय।

(१५:३६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० माथि छलफल गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८०” का सम्बन्धमा विधायन व्यस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ३ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ३ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८०” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ३ सम्म उल्लिखित संशोधनहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० को अङ्ग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ३ सम्म उल्लिखित संशोधनहरू सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०” को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको दफा २ देखि १० सम्म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० को अङ्ग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको दफा २ देखि १० सम्म सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

"प्रस्तावनाः बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:४१ बजे) **<u>माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेल</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त "बैङ्किङ्ग कसूर तथा सजाय(दोस्रो संशोधन) विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:४२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै ३० मिनेटपछि बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

**स्थगितः १५:४२ बजे**